बुढीगंगा गाउँपालिका, मोरङ

स्थानीय राजपत्र

खण्डः १० संख्याः११ मितिः २०८३ साल ०५ महिना १६ गते

भाग-१

बजार व्यवस्थापन (अनुगमन र नियमन) ऐन, २०८३

# बुढीगंगा गाउँपालिका

नेपालको संविधान र प्रचलित कानून बमोजिम बुढीगंगा गाउँपालिका गाउँकार्यपालिकाले बनाएको तल लेखीए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## बजार व्यवस्थापन (अनुगमन र नियमन) ऐन, २०८३

**बजार अनुगमन, व्यवस्थापन, नियमन तथा उपभोक्ता हित संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावनाः** उपभोक्ताको स्वास्थ्य, सुविधा, उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण एवं मूल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण गर्न, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायतका क्रियाकलापको नियमित रुपमा व्यवस्थापन गर्न, वस्तु वा सेवाको उत्पादन, भण्डारण, संचय, थोक तथा खुद्रा विक्री सम्बन्धमा वस्तु वा सेवा, फर्म वा बिक्रेताको कारोबारको दर्ता, नवीकरण, अनुगमन र नियमनका लागि कानूनी व्यवस्था गर्न वान्छनीय भएकोले, बुढीगंगा गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

### परिच्छेद -१

### प्रारम्भिक

१. **संक्षिप्त नाम, प्रारम्भ र विस्तार**ः (१) यस ऐनको नाम "**बजार व्यवस्थापन (अनुगमन र नियमन) ऐन, २०८३**" रहेको छ ।

(२) यो ऐन बुढीगंगा गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

(३) यो ऐन बुढीगंगा गाउँपालिकाको क्षेत्रभित्र लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"अध्यक्ष"** भन्नाले बुढीगंगा गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

(ख) **“अनुगमन टोली”** भन्नाले यस ऐन बमोजिम कार्यपालिका वा समिति वा कार्यालयले विशेषज्ञ सहित गठन गरेको बजार अनुगमन टोली सम्झनु पर्छ ।

(ग) **“अनुचित व्यापारिक क्रियाकलाप”** भन्नाले यस ऐनको दफा ६३ बमोजिमको क्रियाकलाप सम्झनु पर्दछ ।

(घ) **"अनुमतिपत्र"** भन्नाले गाउँपालिकाले कुनै वस्तु वा सेवाको विक्री वितरण, निकासी तथा पैठारी गर्न दिएको अनुमतिपत्रलाई सम्झनु पर्दछ, र सो शब्दले मदिराको उत्पादन, विक्री वितरण, निकासी तथा पैठारी गर्नका लागि दिइएको अनुमति पत्रलाई समेत जनाउनेछ ।

(ङ) **“उपभोक्ता”** भन्नाले कुनै वस्तु वा सेवा उपभोग वा प्रयोग गर्ने व्यक्ति वा संस्था सम्झनु पर्दछ ।

(च) **“उपभोक्ता संस्था”** भन्नाले उपभोक्ता हित संरक्षण तथा संवर्द्धनको उद्देश्यले प्रचलित कानून बमोजिम स्थापना भएको संस्था वा त्यस्तो संस्थाको शाखा समेतलाई सम्झनु पर्दछ ।

(छ) **“उपाध्यक्ष”** भन्नाले बुढीगंगा गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(ज) **“कानून”** भन्नाले तत्काल प्रचलनमा रहेको संघीय, प्रदेश र स्थानीय तहको कानून सम्झनु पर्छ ।

(झ) **“कार्यपालिका”** भन्नाले बुढीगंगा गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ञ) **“कार्यालय”** भन्नाले गाउँपालिकाको कार्यालय सम्झनु पर्दछ, र सो शब्दले वडा कार्यालय समेतलाई जनाउनेछ।

(ट) **“कोष”** भन्नाले दफा ५६ बमोजिम स्थापित उपभोक्ता हित संरक्षण कोष सम्झनु पर्दछ ।

(ठ) **“गाउँपालिका”** भन्नाले बुढीगंगा गाउँपालिकालाई सम्झनुपर्दछ ।

(ड) **“गुणस्तरहीन वस्तु”** वा **“गुणस्तरहीन सेवा”** भन्नाले दफा १८ बमोजिमको अवस्था भएको वा रहेको उपभोग्य वस्तु वा कुनै सेवाको गुणस्तर तोकिएको वा दाबि गरिएकोमा त्यस अनुरूप नभएको भन्ने सम्झनु पर्दछ ।

(ढ) **“घरेलु मदिरा”** भन्नाले घरेलु सामग्री कच्चा पदार्थहरू प्रयोग गरी परम्परा देखि चली आएको वा आधुनिक प्रविधिको प्रयोग गरी घरमा तयार पारिएको मदिरालाई सम्झनु पर्दछ ।

(ण) **"डिलर"** भन्नाले गाउँक्षेत्रभित्र जुनसुकै वस्तुको थोक विक्री गर्ने अनुमति प्राप्त विक्रेतालाई सम्झनु पर्दछ ।

(त) **"तोकिए"** वा **"तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, कार्यविधि, निर्देशिका र मापदण्डमा तोकिए बमोजिम सम्झनु पर्दछ र सो शब्दले प्रचलित कानूनमा तोकिएको तथा गाउँपालिकाबाट तोकिएको विषयलाई समेत जनाउँदछ ।

(थ) **"निरीक्षण अधिकृत"** भन्नाले दफा ४४ बमोजिम नियुक्त वा खटाईएको निरीक्षण अधिकृत सम्झनु पर्दछ ।

(द) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले बुढीगंगा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ र सो शब्दले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारीमा कार्य सम्पादन गर्ने अधिकारी समेतलाई जनाउनेछ ।

(ध) **"फर्म"** वा **"व्यवसाय"** भन्नाले वस्तु वा सेवाको उत्पादक, आयातकर्ता, भण्डारण वा बिक्री वितरण गर्ने संस्था सम्झनु पर्दछ र सो शब्दले मूल्य वा दस्तुर वा पारिश्रमिक लिई वा नलिई सबै प्रकारका वस्तु वा सेवा विक्री वितरण गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्था तथा गाउँपालिकामा दर्ता वा स्थापना भई सञ्चालित व्यवसाय वा उद्योग वा फर्म वा पसल वा सेवा समेतका वा यस्तै कुनै पनि वस्तु वा सेवाको व्यापार व्यवसाय समेतलाई जनाउनेछ ।

(न) **"मदिरा"** भन्नाले फलफूल तथा अन्न कुहाई वा अन्य कुनै तरिकाले नेपाल सरकारको मापदण्ड अनुरूप तयार पारिने विदेशी वा स्वदेशी अल्कोहलिक पदार्थ मिश्रित सबै किसिमको रक्सी, वियर, वाईन अथवा त्यसको विभिन्न स्वरूप समेतलाई जनाउँदछ ।

(प) **"लेबल"** भन्नाले उपभोग्य वस्तु वा उपभोग्य वस्तु राखिएको भाँडो वा त्यस्तो उपभोग्य वस्तु वा उपभोग्य वस्तुमा लेखिएको, छापिएको, लिथो गरिएको, चिन्ह लगाइएको, इम्बोड्स गरिएको, समावेश गरिएको वा अन्य कुनै किसिमले देखाइएको ट्याग, चिन्ह, तस्विर वा अन्य विवरणात्मक वस्तु सम्झनु पर्दछ ।

(फ) **"वडा समिति"** भन्नाले बजार व्यवस्थापन तथा नियमनका लागि बुढीगंगा गाउँपालिकाको वडामा गठित समितिलाई सम्झनु पर्दछ ।

(ब) **"वस्तु"** भन्नाले उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तुको समिश्रणबाट बनेको पदार्थ सम्झनु पर्दछ र सो शब्दले उपभोग्य वस्तुको निर्माणमा प्रयोग हुने कच्चा पदार्थ, रङ्ग,

सुगन्ध वा रसायनलाई सम्झनु पर्दछ र सो शब्दले मूल्य लिई वा नलिई बिक्री वितरण गरिने सबै प्रकारका वस्तु वा सेवा समेतलाई जनाउँछ ।

(भ) **"समिति"** भन्नाले दफा ३८ बमोजिमको बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समिति सम्झनु पर्दछ ।

(म) **"सेवा"** भन्नाले विद्युत, खानेपानी, टेलिफोन, सूचना प्रविधि, सञ्चार, ढल निकास, वितरण, शिक्षा, वातावरणीय, बैंक तथा वित्तीय सेवा, स्वास्थ्य सेवा, सामाजिक सेवा, पर्यटन, मनोरन्जन तथा खेलकुद सेवा, निर्माण, ढुवानी, इन्जिनीयरिङ्ग, यातायात, चिकित्सा लगायत दस्तुर वा पारिश्रमिक लिई वा नलीई प्रदान गरिने सम्पूर्ण सेवाहरूलाई सम्झनु पर्दछ ।

(य) **"होटल"** भन्नाले भोजन, खानपानको प्रबन्ध भई वा नभई बसोबासको सुविधा दिने गरी व्यावसायिक उद्देश्यका लागि चलाइएको होटल सम्झनुपर्दछ र सो शब्दले रेष्टुराँ समेतलाई जनाउँदछ ।

## परिच्छेद-२

## दर्ता, अनुमति, नवीकरण, सिफारिस र खारेजी

३. **व्यवसाय दर्ता गर्नु पर्ने** : (१) गाउँपालिका क्षेत्रभित्र वस्तु वा सेवा बिक्री वितरण गर्ने उद्देश्यले स्थापित वस्तु वा सेवाका उत्पादक, आयातकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता, सङ्कलनकर्ता, बिक्री वितरणकर्ता लगायतका फर्म वा व्यवसायले आफ्नो कारोबार सञ्चालन गर्दा सम्बन्धित वडाको सिफारिसमा गाउँपालिकामा दर्ता गरी वा अनुमति लिई मात्र कारोबार सञ्चालन गर्नु पर्नेछ ।

(२) गाउँपालिका क्षेत्रभित्र कुनै वस्तु वा सेवा व्यवसाय गर्ने उद्देश्यले स्थापित हाट बजार, होमस्टे, महोत्सव, मेला वा पर्यटनसँग सम्बन्धित र्‍याफ्टिङ्ग, क्यानोनिङ्ग, प्याराग्याइडिङ्ग, जिपफ्लायर लगायतका व्यवसायको कारोबार सञ्चालन गर्दा गाउँपालिकामा दर्ता गरी वा अनुमति लिई कारोबार सञ्चालन गर्नु पर्नेछ ।

(३) गाउँपालिका क्षेत्रभित्र उद्योग/व्यवसाय दर्ता गर्न चाहने व्यक्तिले तोकिए बमोजिमको ढाँचामा कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम पर्न आएको निवेदन उपर प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीले जाँचबुझ गरी तोकिएको दस्तुर लिई तोकिए बमोजिमको ढाँचामा व्यवसाय दर्ताको प्रमाणपत्र दिनेछ ।

(५) गाउँपालिका क्षेत्रभित्र समेत सञ्चालन गर्ने गरी प्रचलित कानून बमोजिम कसैले कुनै उद्योग वा पसल वा फर्म वा सेवा समेतका व्यवसाय दर्ता गरेकोमा त्यस्तो व्यवसाय गाउँपालिका क्षेत्रभित्र स्थापना वा सञ्चालन गर्नु पूर्व गाउँपालिकाबाट अनुमति लिनका लागि तोकिए बमोजिमको ढाँचामा कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(६) उपदफा (५) बमोजिम पर्न आएको निवेदन उपर प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीले जाँचबुझ गरी अनुमति दिन प्रचलित कानूनले कुनै बाधा नपुग्ने देखिएमा तोकिएको दस्तुर लिई तोकिए बमोजिमको ढाँचामा व्यवसाय स्थापना वा सञ्चालन अनुमतिको प्रमाणपत्र दिनेछ ।

(७) उपदफा (३) र (५) बमोजिम दर्ता वा अनुमतिका लागि निवेदन गर्दा फर्म वा व्यवसायले आफुले सञ्चालन गर्ने कारोबारको प्रचलित संघ र प्रदेश कानून बमोजिम दर्ता स्वीकृति लिनु पर्ने भए सो लिएको प्रमाणसमेत निवेदन साथ पेस गर्नु पर्नेछ ।

(८) उपदफा (४) र (६) बमोजिम जाँच गर्दा दर्ता वा अनुमति प्रदान गर्न नमिल्ने भए सो को स्पष्ट कारण सहित निवेदन दर्ता भएको मितिले सात दिनभित्र कार्यालयले निवेदकलाई जानकारी गराउनु पर्नेछ ।

(९) मदिराजन्य व्यवसाय, तथा पशुपञ्छी पालन सम्बन्धी व्यवसाय र होटल व्यवसाय सञ्चालनका लागि ईजाजतपत्र दिनु पूर्व जुन स्थानमा मदिरा व्यवसाय गर्ने हो सो स्थान वरिपरिको घरधनी, जग्गाधनिहरू मध्ये कम्तीमा ५ जनाको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी गरिएको सर्जमिन र सम्बन्धित वडा समितिको सिफारिसमा मात्र व्यवसाय सञ्चालन ईजाजतपत्र दिनेछ ।

(१०) घर बहालमा लिई बहालको घरमा मदिरा व्यवसाय सञ्चालन गर्ने व्यवसायीले व्यवसाय दर्ता तथा नवीकरण गर्दा घर बहाल सम्झौताका कागजातहरू अनिवार्य पेस गर्नु पर्नेछ ।

(११) वैवाहिक समारोह, व्रतबन्ध तथा अन्य भोजका कार्यक्रममा मदिरा प्रयोग गर्नुपर्ने भए मदिरा खरिद र प्रयोगको लागि सम्बन्धित वडा समितिबाट अनुमति लिनु पर्नेछ ।

तर, परम्परा देखि नै सामाजिक, सांस्कृतिक, धार्मिक रूपमा विवाह लगायतका संस्कारमा मदिरा प्रयोग गर्दै आएको समुदायको हकमा यो व्यवस्था लागु हुने छैन ।

(१२) कुनै वस्तु वा सेवाको फर्म वा व्यवसायको हकमा दर्ता वा अनुमति प्रदान गर्नु अघि कुनै निश्चित सर्त पालना गर्नु पर्ने वा तालीम वा अभिमुखीकरण लिनु पर्ने गरी कार्यपालिकाले दर्ता वा अनुमति सम्बन्धी कार्यविधि निर्धारण गर्न सक्नेछ ।

(१३) दर्ता, अनुमति तथा सिफारिस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४. **सिफारिस माग गर्न निवेदन दिनु पर्ने** : (१) गाउँपालिका क्षेत्रभित्र कसैले प्रचलित कानून बमोजिम कुनै उद्योग वा पसल वा सेवाको फर्म वा व्यवसाय स्थापना वा सञ्चालनका लागि गाउँपालिकाको सिफारिस आवश्यक परेमा कार्यालयले तोकेको कागजात सहित कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएको निवेदन उपर कार्यालयले जाँचबुझ गरी प्रचलित कानूनले सिफारिस गर्न बाधा नपुग्ने रहेछ भने तोकिएको दस्तुर लिई व्यवसाय स्थापना वा सञ्चालन गर्न सिफारिस गर्न सक्नेछ ।

५. **मदिरा व्यवसाय सञ्चालन गर्न इजाजत लिनु पर्ने** : (१) मदिरा व्यवसाय सञ्चालन गर्न गाउँपालिकाबाट ईजाजतपत्र लिएरमात्र व्यवसाय सञ्चालन गर्नु पर्नेछ ।

(२) मदिरा विक्री वितरण गर्दा सामाजिक सदभाव, शान्ति सुव्यवस्था, अमन चयन कायम रहने गरी घरेलु हिंसा, समाजमा झैझगडा नहुने गरी मात्र गर्नु पर्नेछ ।

(३) मदिरा बेचबिखनको स्वीकृति लिएका होटेलहरूमा खाना र बास क्षेत्र वाहेक मदिरा सेवन रेष्टुरेण्ट अलग्गै हुनु पर्नेछ ।

(४) १८ वर्ष भन्दामुनिका बालबालिका तथा गर्भवती र सुत्केरी महिलालाई मदिरा खरिद, विक्री वितरण गर्न वा उनीहरुबाट ओसार पसार गर्न गराउन पाइने छैन ।

(५) ईजाजतपत्र प्राप्त गरी मदिरा उत्पादन गर्ने व्यवसायीले मदिराको प्रत्येक बोतलको बिर्कोमा पर्ने गरी अन्तशुल्क स्टिकर टाँस गरेको हुनुपर्दछ।

(६) मदिरा खरिद विक्री गर्नेले मदिरा खरिद विक्री गरेको विवरण राख्नु पर्नेछ ।

(७) मदिरा विक्री वितरण गर्ने ईजाजतपत्र प्राप्त व्यवसायीले कानून बमोजिम सरकारी निकायहरूबाट लिएको ईजाजतपत्रहरू सबैले देख्नेगरी कारोबार स्थलमा राख्नुपर्ने तथा पसल बाहिर सडकबाट देखिनेगरी बोर्ड राख्नु पर्नेछ ।

(८) प्लाष्टिकको पोका ( पाउच ) मा मदिरा राखी विक्री वितरण गर्न वा कानूनले बन्देज गरेका घरेलु मदिरा विक्री वितरण, ओसार पसार आदि गर्न पाइने छैन ।

(९) समुदायको धर्म, संस्कार, चाडपर्वका समयमा मदिरा प्रयोग हुने भए मदिरा प्रयोग गरिने सम्बन्धमा सम्बन्धित वडा समितिमा अनुरोध भई आएमा सामाजिक शान्ति, सुव्यवस्था र अमनचयन

नखलबलिने, घरेलु हिंसा, सामाजिक झै झगडा नहुने र शान्ति कायम हुनेगरी मात्र वडा समितिको निर्णयमा समय, सीमा तोकी मदिरा प्रयोग गर्न दिन सकिनेछ ।

(१०) मदिरा व्यवसायी वा अन्य विक्रेताले हाटबजार, सार्वजनिक स्थल, चोक तथा मेला, पर्वहरूमा मदिरा विक्री वितरण गर्न पाइने छैन ।

(११) मानव स्वास्थ्यप्रति चेतना गराउने सूचना तथा होर्डिङ्ग बोर्ड बाहेक मदिराको प्रचार, प्रसार, माईकिङ्ग, विज्ञापन तथा होर्डिङ्ग बोर्ड राख्न पाइने छैन ।

(१२) मदिरा विक्रेता तथा सेवन कर्ताहरूले अनुमति प्राप्त होटल, रेष्टुरा बाहेक अन्यत्र मदिरा सेवन गर्न गराउन पाइने छैन ।

(१३) मदिरा व्यवसायमा यौनजन्य, लैंगिक हिंसा, अश्लील कृयाकलाप, बाल शोषण, श्रम शोषण जस्ता अमानवीय कार्य गर्न गराउन पाइनेछैन ।

६. **<u>विवरण वा कागजात माग गर्न सक्ने</u>** : (१) कार्यालयमा पर्न आएको व्यवसाय दर्ता वा अनुमति वा सिफारिस मागको निवेदन उपर कुनै थप विवरण वा कागजात आवश्यक देखेमा कार्यालयले त्यस्तो कागजात माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम माग भएको कागजात पेस गर्नु सम्बन्धितको दायित्व हुनेछ ।

७. **<u>विवरण संशोधन वा हेरफेर गर्न निवेदन दिनु पर्ने</u>** : (१) गाउँपालिकामा दर्ता रहेको वा अनुमति पाएको वा गाउँपालिकाबाट सिफारिस भएको कुनै व्यवसायको दर्ता वा अनुमति वा सिफारिस सम्बन्धी विवरण संशोधन वा हेरफेर गर्न चाहेमा कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएको निवेदन उपर कार्यालयले जाँचबुझ गरी व्यवसाय वा अनुमतिको प्रमाणपत्र वा सिफारिसपत्रमा भएको कुनै विवरण संशोधन वा हेरफेर गर्न सक्नेछ ।

८. **<u>विवरण संशोधन वा हेरफेरमा इन्कार गर्न सक्ने</u>** : (१) दफा ५ बमोजिम पर्न आएको निवेदन उपर जाँचबुझ गर्दा निवेदन माग बमोजिम विवरण संशोधन वा हेरफेर गर्नु पर्ने ठोस आधार र कारण प्रस्तुत हुन नसकेको देखिएमा वा आवश्यक कागजात पूरा नभएमा वा निवेदनमा उल्लिखित विवरण पुष्टि हुने आधार नहुने भएमा प्रमाणपत्र वा सिफारिसपत्रमा भएको विवरण संशोधन तथा हेरफेर गर्न कार्यालयले इन्कार गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण संशोधन वा हेरफेर गर्न नसकिने अवस्थामा कार्यालयले निवेदन परेको मितिले सात दिनभित्र इन्कारिको निर्णय गरी सक्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्णय गर्दा उचित कारण खुलाई निर्णय गर्नु पर्नेछ र निर्णय भएको बेहोराको जानकारी सम्बन्धित निवेदकलाई दिनुपर्नेछ ।

९. **<u>व्यवसाय नवीकरण गर्नु पर्ने</u>** : (१) दफा ३ बमोजिम गाउँपालिकामा दर्ता गरिएका उद्योग, फर्म, पसल, कारोबार, व्यवसाय, हाट बजार, मेला, महोत्सव, पर्यटन जस्ता फर्म वा व्यवसायले प्रत्येक वर्ष दर्ता वा अनुमति नवीकरण गर्न देहायमा उल्लिखित कागजात संलग्न गरी निवेदन गर्नु पर्नेछ ।

(क) कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) अघिल्लो आर्थिक वर्षको कर तिरेको निस्सा,

(ग) पचास लाख रुपैयाँ वा सोभन्दा बढी पुँजी भएको व्यवसायको हकमा लेखापरीक्षण प्रतिवेदन,

(घ) घर वहालमा लिई व्यवसाय सञ्चालन गरेको भए घरबहाल सम्झौताको प्रतिलिपि,

(ङ) गाउँपालिकाले तोकेको अन्य कागजात ।

(२) फर्म नवीकरण अवधि दर्ता प्रमाणपत्रमा उल्लिखित अवधिसम्म कायम रहनेछ ।

(३) उपदफा (२) बमोजिम बहाल रहेको अवधि समाप्त भएको मितिले ३ महिना भित्र व्यवसाय नवीकरण गराइ सक्नु पर्नेछ ।

(४) यस दफा बमोजिम पर्न आएको निवेदन उपर जाँचबुझ गरी गाउँपालिकाले तोकेको नवीकरण दस्तुर लिई कार्यालयले व्यवसाय नवीकरण गरी दिनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिमको अवधिमा नवीकरण नगर्ने उद्योग, फर्म, पसल, कारोबार, व्यवसाय, हाट बजार, मेला, महोत्सव, पर्यटन जस्ता व्यावसायिक फर्मले वा व्यवसायले तोकिए बमोजिमको जरिवाना र व्यवसाय कर तिरी बुझाई आफ्नो फर्म वा व्यवसाय नवीकरण गर्न सक्नेछन ।

१०. **<u>दर्ता वा अनुमति खारेज गर्न सक्ने</u>** : (१) गाउँपालिकामा दर्ता भएका फर्मको दर्ता वा अनुमति देहायको अवस्थामा कार्यालयले खारेज गर्न सक्नेछ ।

(क) दर्ता भएको वा नवीकरण समाप्त भएको मितिले तीन वर्ष सम्म नवीकरण नगराएमा,

(ख) व्यवसाय वा पसल सञ्चालकले आफ्नो व्यवसाय वा पसल खारेज गरी पाउन निवेदन दिएमा,

(ग) झुठ्ठा विवरण देखाई व्यवसाय वा पसल दर्ता गरेमा वा नवीकरण गराएमा,

(घ) उद्देश्य विपरीत काम गरेमा,

(ङ) यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको तीन पटकसम्म उल्लंघन गरेमा,

(च) कार्यालयले मागेको विवरण नबुझाएमा,

(छ) स्वीकृति नलिई तोकिएको स्थानभन्दा अन्यत्रै कारोबार सञ्चालन गरेमा,

(ज) आफुले उत्सर्जन गरेका फोहोर वा अन्य पदार्थको उचित व्यवस्थापन नगरेमा वा वातावरणमा हानि नोक्सानी पुऱ्याएमा,

(झ) गाउँपालिकाले जारी गरेको आदेश निर्देशन पालना नगरेमा वा कानून बमोजिमको कुनै शर्त मापदण्ड बारम्बार उल्लंघन गरेमा वा कानून विपरीत कुनै कार्य गरेमा,

(ञ) अनुचित व्यापारिक क्रियाकलाप गरेमा,

(ट) निषेध गरेका अन्य कुराहरु गरेमा ।

(२) दर्ता वा अनुमति खारेजी गर्नु अघि गाउँपालिकाले सम्बन्धित फर्म वा व्यवसाय वालालाई सात दिनभित्र स्पष्टीकरण पेस गर्न लिखित सूचना दिई सुनुवाई तथा स्पष्टीकरण पेस गर्ने मौका प्रदान गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सूचना प्रचलित कानून बमोजिमको कार्यविधि पुरा गरी तामेल गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम मौका दिइएकोमा समयावधि भित्र स्पष्टीकरण पेस नगरेमा वा चित्तबुझ्दो स्पष्टीकरण पेस नभएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो फर्म वा व्यवसाय खारेज गर्ने निर्णय गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम भएको खारेजीको निर्णय उपर चित्त नबुझेमा ३५ दिनभित्र अध्यक्ष समक्ष पुनरावेदन गर्न सकिनेछ ।

(६) उपदफा (५) बमोजिम परेको पुनरावेदन उपर अध्यक्षले गरेको निर्णय चित्त नबुझेमा निर्णय भएको मितिले ३५ दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सकिनेछ ।

(७) यस दफा बमोजिमको कुनै व्यवसाय वा पसल खारेज भएकोमा सम्बन्धित व्यक्तिले कम्तीमा तीन वर्षसम्म सोही नाम र उद्देश्यको अर्को व्यवसाय वा पसल दर्ता गर्न पाउने छैन ।

(८) फर्म दर्ता वा अनुमतिको खारेजी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११. **मापदण्ड पालना गर्नु पर्ने** : (१) फर्म वा व्यवसाय सञ्चालन गर्दा प्रचलित कानूनले तोकेको गुणस्तर वा मापदण्डभित्र रही सेवा प्रदान स्थलको पूर्वाधार तयार गरी फर्म वा व्यवसाय सञ्चालन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गुणस्तर वा मापदण्ड नतोकिएको हकमा गाउँपालिकाले तोकेको मापदण्ड वा सर्त पालना गर्नु पर्नेछ ।

## परिच्छेद- ३

## बजार तथा हाटबजार व्यवस्थापन

१२. **बजार व्यवस्थापन** : (१) गाउँपालिकाले बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण सम्बन्धमा देहायका कार्यहरू गर्न गराउन सक्नेछ;-

(क) स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन सम्बन्धी अध्ययन गर्ने, नीति, कानून, मापदण्ड तर्जुमा गरी कार्यान्वयन र नियमन गर्ने,

(ख) बजार तथा हाट बजार सञ्चालन तथा व्यवस्थापन गर्ने,

(ग) स्थानीय वस्तुहरुको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमनको काम गर्ने,

(घ) स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण गर्ने,

(ङ) स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन गर्ने,

(च) स्थानीय स्तरका व्यापारिक फर्मको अनुगमन र नियमन गर्ने,

(छ) स्थानीय व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान गर्ने,

(ज) निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने,

(झ) स्थानीय व्यापार प्रवर्द्धन र अभिलेखाङ्कन गर्ने,

(ञ) स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन, सहजीकरण र नियमन गर्ने,

(ट) उपभोक्ता सचेतना अभिवृद्धि, उपभोक्ता जागरण तथा सशक्तीकरण, उपभोक्ताको गुनासो व्यवस्थापन, जागरुक उपभोक्ता तथा जिम्मेवार बिक्रेतालाई प्रोत्साहन गर्ने, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण गर्ने,

(ठ) स्थानीयस्तरमा जनस्वास्थ्य प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचबिखन र उपभोग तथा वातावरणीय प्रदुषण र हानिकारक पदार्थहरुको नियन्त्रण, अनुगमन तथा नियमन गर्ने,

(ड) वस्तु र सेवा बजारको व्यवस्थापन तथा स्थानीय बजारको सुपरीवेक्षण तथा अनुगमन गर्ने,

(ढ) स्थानीय बजार व्यवस्थापन सम्बन्धी तोकिए बमोजिमका अन्य कार्य गर्ने,

(२) उपदफा (१) बमोजिमका कार्यहरु सम्पन्न गर्न गाउँपालिकाले सरोकारवालाहरुसँगको समन्वय, सहकार्य र साझेदारीमा आवश्यक कार्यक्रमको लागि कार्ययोजना सहित बजेट व्यवस्थापन गर्नेछ।

१३. **बजारको तह निर्धारण** : (१) गाउँपालिकाले उपभोक्ता हक हित संरक्षण गर्न, बजारको नियम (मार्केट रुल) बमोजिम बजार व्यवस्थापन गर्न, बजारलाई स्वच्छ, सुलभ तथा पारदर्शी बनाउन तोकिएको कुनै पनि वस्तु वा सेवाको लागि बजार वा फर्मको तह निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएभन्दा बढि तह कायम हुने गरी कसैले पनि वस्तु वा सेवाको विक्री वितरण गर्न पाइने छैन ।

(३) वस्तु तथा सेवाको विक्री वितरण गर्दा उपभोक्तालाई अतिरिक्त आर्थिक भार पर्ने तथा स्वस्थ बजार प्रतिस्पर्धालाई असर गर्ने गरी उत्पादक वा आयातकर्ता देखि एकभन्दा बढि तहहरू बनाउन पाइनेछैन ।

(४) यस दफा बमोजिम बजारका तहहरूको अतिरिक्त अन्य तहहरू बनाई वस्तु तथा सेवाको सञ्चालन गर्न आवश्यक पर्ने भएमा सम्बन्धित विक्रेता वा व्यवसायीले गाउँपालिकाबाट अनुमति लिनु पर्नेछ ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बजारको तह निर्धारण गर्दा प्रचलित संघीय कानून बमोजिम निर्धारण गरिने बजारको तह समेतलाई आधार लिनुपर्नेछ ।

१४. **वस्तु तथा सेवाको गुणस्तरको मापदण्ड** : (१) गाउँपालिकाले वस्तु तथा सेवाको गुणस्तर निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम वस्तु तथा सेवाको गुणस्तरको मापदण्ड निर्धारण गर्दा उपभोक्ता संरक्षण सम्बन्धी सङ्घीय वा प्रदेश कानून बमोजिम तोकिएका आधारहरू लिनुपर्नेछ ।

१५. **आपूर्ति व्यवस्था** : (१) गाउँपालिका क्षेत्रमा आवश्यक वस्तु वा सेवाको बजार माग अनुसार आपूर्तिको व्यवस्थापन सम्बन्धित वस्तु वा सेवाको फर्म वा बिक्रेताले गर्नुपर्नेछ ।

(२) समितिले वस्तु वा सेवाको बजारमा माग अनुसार उत्पादन, आयात, मौज्दात तथा भण्डारणको अवस्थाका सम्बन्धमा नियमित विश्लेषण गरी सोको आधारमा सम्बन्धित फर्म वा बिक्रेतालाई आपूर्ति व्यवस्थापनका लागि आवश्यक निर्देशन गर्नेछ।

(३) गाउँपालिका आफैले वा सार्वजनिक निजी साझेदारी वा सहकारी वा अन्य कुनै विधिबाट गाउँपालिका क्षेत्रभित्र वस्तु र सेवाको आपूर्ति व्यवस्थापन गर्न सक्नेछ।

(४) गाउँपालिका वा समितिले मागेको वस्तु र सेवाको मौज्दात वा सञ्चय लगायतका विवरण तोकिएको समयभित्र सम्बन्धित फर्म वा बिक्रेताले दिनुपर्नेछ ।

(५) अत्यावश्यक वस्तु वा सेवाको आपूर्ति व्यवस्थालाई असहज बनाउने उद्देश्यले कसैले पनि कृत्रिम अभावको सिर्जना, जम्माखोरी, कृत्रिम मूल्य वृद्धि र नाफाखोरी जस्ता कार्य गर्न गराउन हुँदैन ।

(६) विपद् वा अन्य कुनै कारणले बजारमा दैनिक उपभोग्य अत्यावश्यक वस्तु वा सेवाको आपूर्ति व्यवस्थामा गम्भिर संकट वा विचलनको अवस्था आएमा गाउँपालिकाले त्यस्तो वस्तु वा सेवाको बजारलाई नियन्त्रण गरी सहज आपूर्ति व्यवस्था नभएसम्मको लागि कुनै निजी सार्वजनिक संस्था वा सहकारी मार्फत त्यस्तो वस्तु र सेवाको विक्री वितरणको व्यवस्था गराउन सक्नेछ ।

(७) आपूर्ति व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१६. **अत्यावश्यक वस्तु र सेवाको सूची र मूल्य निर्धारण** : (१) गाउँपालिकाले गाउँपालिका क्षेत्रभित्र लागु हुनेगरी समय समयमा अत्यावश्यक वस्तु वा सेवाको सूची निर्धारण वा अधिकतम उपभोक्ता मूल्य निर्धारण गरी सार्वजनिक सूचना प्रकाशित गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको अधिकतम मूल्यभन्दा बढी हुने गरी कसैले पनि वस्तु वा सेवा विक्री गर्न पाइने छैन ।

(३) उपदफा (१) बमोजिमको अत्यावश्यक वस्तु वा सेवाको सूची र अधिकतम उपभोक्ता मूल्य सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१७. **अत्यावश्यक उपभोग्य वस्तुको भण्डारण तथा आपूर्ति व्यवस्थापन** : (१) लक्षित उपभोक्ताहरूका लागि अनुमानित मागका आधारमा आवश्यक पर्ने गाउँपालिकाबाट तोकिदिएका अत्यावश्यक वस्तु र सेवाको आपूर्तिको व्यवस्थापन सम्बन्धित पसल सञ्चालक वा सुपथ मूल्यको पसल सञ्चालकले गर्नु पर्नेछ ।

(२) सुपथ मूल्य पसलले चामल, नून, तेल, दाल, ग्याँस र चिनी लगायतका सामग्री कम्तिमा दुई महिनासम्म मौज्दात रहने गरी भण्डारण गर्न र अन्य अत्यावश्यक वस्तुको बजारमा माग अनुसार उत्पादन, आयात, मौज्दात तथा भण्डारणको अवस्थाका सम्वन्धमा नियमित विश्लेषण गरी त्यसको आधारमा सम्बन्धित पसल सञ्चालकले आपूर्ति तथा भण्डारणको व्यवस्थापन गर्नु पर्नेछ ।

(३) गाउँपालिकाबाट माग भएको अत्यावश्यक वस्तुको मौज्दात वा सञ्चय लगायतका विवरण तोकिएको समय भित्र सम्बन्धित सुपथ मूल्यको पसलले दिनुपर्नेछ ।

(४) सुपथ मूल्य पसलका सञ्चालकले अत्यावश्यक वस्तुको कृत्रिम अभाव, जम्माखोरी, कृत्रिम मूल्य वृद्दि, कालोबजारी वा नाफाखोरी जस्ता कुनै पनि अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप सञ्चालन गर्नु गराउनु हुँदैन ।

(५) विपद् वा अन्य कुनै कारणले बजारमा दैनिक उपभोग्य अत्यावश्यक वस्तु वा सेवाको आपूर्ति व्यवस्थामा गम्भीर संकट वा विचलनको अवस्था आएमा गाउँपालिकाले त्यस्तो वस्तु वा सेवाको बजारलाई व्यवस्थापन नियन्त्रण लिई सहज आपूर्ति व्यवस्था नभएसम्मको लागि सुपथ मूल्यको पसल वा अरु कुनै निजी, सार्वजनिक संस्था वा सहकारी मार्फत त्यस्तो वस्तु र सेवाको विक्री वितरणको व्यवस्था गराउन सक्नेछ ।

(६) गाउँपालिकाले अत्यावश्यक वस्तुको पर्याप्त भण्डारण तथा आपूर्ति व्यवस्थामा असहज भएमा वा विक्री वितरण प्रणाली सहज बनाउनका लागि गाउँपालिकाको निर्णय बमोजिम उपभोक्तालाई अधिकतम खरिद गर्न पाउने परिमाण तोकिदिन सक्नेछ ।

(७) अत्यावश्यक उपभोग्य वस्तुको भण्डारण तथा आपूर्ति व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

१८. **गुणस्तरहीन वस्तु र सेवाको विक्री,वितरण गर्न नहुने** : (१) कसैले पनि गाउँपालिका क्षेत्रभित्र गुणस्तरहीन वस्तु र सेवाको उत्पादन, पैठारी तथा विक्री वितरण गर्नु हुँदैन।

(२) गुणस्तरहीन वस्तु भन्नाले देहायको कुनै अवस्था भएको वा रहेको उपभोग्य वस्तुलाई जनाउनेछ;-

(क) तोकिएकोभन्दा कम गुणस्तर भएको वा त्यस्तो वस्तुमा हुनुपर्ने आवश्यक तत्व वा पदार्थको परिमाण घटाइएको वा अर्को कुनै पदार्थको मिसावट गरिएको,

(ख) मानव स्वास्थ्यलाई हानि हुने गरी सडेको, गलेको वा फोहोरमैला वा विषादी मिश्रण गरी तयार गरिएको वा स्वास्थ्यलाई हानि हुने कुनै रसायन, रङ वा सुगन्ध प्रयोग गरिएको,

(ग) उपभोग्य वस्तुको केही वा सबै भाग कुनै रोगी वा रोगकारक पशुपंक्षी वा हानीकारक वनस्पतिबाट बनाइएको,

(घ) तोकिएको मापदण्ड पूरा नगरी उत्पादन ढुवानी, सञ्चय, भण्डारण वा विक्री वितरण गरिएको,

(ङ) उपभोग्य वस्तुको गुणस्तर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा उत्पादक वा पैठारीकर्ता वा बिक्रेताले तोकेबमोजिमको गुणस्तर नभएको ।

१९. **लेबल र उपभोग्य म्याद** : (१) गाउँपालिका क्षेत्रभित्र प्रचलित कानून बमोजिम लेबल भएको वस्तु मात्र उत्पादन, पैठारी, ढुवानी, भण्डारण तथा बिक्री वितरणको लागि राख्नुपर्ने छ ।

(२) गुणस्तरहीन वस्तु वा म्याद गुज्रेको वस्तु फिर्ता गर्ने, नष्ट गर्ने समेतको दायित्व सम्बन्धित वस्तु वा सेवा फर्मको हुनेछ ।

(३) गाउँपालिकाले प्रचलित कानूनको प्रतिकूल नहुने गरी स्थानीय उत्पादनको कुनै वस्तुमा लेबल राख्न नपर्ने गरी निर्णय गरे बाहेक अन्य वस्तुमा लेबल राखेर मात्र बिक्री स्थलमा वस्तु राख्नु पर्नेछ ।

(४) गाउँपालिका क्षेत्रभित्र उत्पादन तथा बिक्री वितरण हुने वस्तुमा लगाइएको लेबलमा वस्तु उत्पादनको लागि प्रयोग भएका पदार्थहरू, उत्पादन मिति, ब्याच नम्बर, उपभोगको म्याद कायम रहने अवधि, उत्पादन गर्ने उत्पादकको नाम लगायतका विवरणहरू स्पष्ट उल्लेख गरिएको हुनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम लेबलमा उल्लेख गर्नुपर्ने कुराहरू सर्वसाधारणले बुझ्ने गरी नेपालभित्र उत्पादन भएका भए उत्पादकले वा पैठारी गरीएका भए पैठारीकर्ताले नेपाली वा अङ्ग्रेजी भाषामा लेख्नु पर्दछ ।

(६) उपदफा (४) बमोजिमका वस्तुमा राख्ने लेबलमा देहायका कुराहरू उल्लेख हुनुपर्नेछ;-

(क) उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,

(ख) खाद्य पदार्थ, औषधी र सौन्दर्य सामग्री जस्ता वस्तुमा त्यस्ता वस्तुको मिश्रण, मिश्रणका तत्व, परिमाण र तौल,

(ग) गुणस्तर निर्धारण भएको वस्तु भएमा त्यस्ता वस्तुको गुणस्तर,

(घ) वस्तु उपभोग गर्ने तरीका र त्यस्तो वस्तु उपभोग गरेबाट हुन सक्ने नकारात्मक प्रभाव,

(ङ) निश्चित अवधिभित्र उपभोग गरीसक्नु पर्ने वस्तु भए त्यस्तो अवधि,

(च) वस्तुको बिक्री मूल्य, ब्याच नम्बर र उत्पादन मिति,

(छ) इलेक्ट्रोनिक्स, हार्डवेयर, विद्युतीय वा यान्त्रिक वा लामो समयसम्म प्रयोगमा रहने वस्तु भए त्यस्तो वस्तुको ग्यारेण्टी/वारेन्टी मिति तथा सो वस्तुसँग सम्बन्धित अन्य आवश्यक कुरा,

(ज) खण्ड (छ) बमोजिमका अवस्थामा कुनै त्रुटि देखिएमा त्यसको शोधभर्ना दिने वा निश्चित अवधिसम्म मर्मत गरीदिने व्यवस्था,

(झ) प्रज्वलनशील, दुर्घटनाजन्य वा सजिलैसँग टुटफुट हुन सक्ने वस्तु भए त्यस्तो वस्तुको सुरक्षाको लागि अपनाउन पर्ने पूर्व सावधानी सम्बन्धी विवरण,

(ञ) कुनै वस्तु प्रयोग गर्नु पूर्व कुनै प्रकृया नपुऱ्याई प्रयोग गर्दा हुनसक्ने हानी, नोक्सानी वा मानव स्वास्थ्यलाई हानी पुऱ्याउने खालका पदार्थहरूको लेबलमा चेतनामूलक सन्देश, चित्र वा चिन्हको प्रयोग।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाले आवश्यक ठानेमा उपदफा (५) मा उल्लिखित भाषाको अतिरिक्त स्थानीय ठाउँमा प्रयोग हुने वा चलनचल्तीमा रहेको स्थानीय भाषामा वस्तुमा लेबल राख्न लगाउन वा अनुमति दिन सक्नेछ।

२०. **<u>वस्तु तथा सेवाको विक्री स्थल</u>** : (१) वस्तु तथा सेवाको विक्री वितरण गर्दा खास प्रकृतिका वस्तुहरूलाई छुट्टाछुट्टै राखी विक्री वितरण गर्नु पर्नेछ ।

(२) मासुजन्य पदार्थहरू काट्ने तथा विक्री वितरण गर्ने स्थानहरू छुट्टाछुट्टै बनाई सरसफाईको उचित प्रबन्ध गर्नु पर्नेछ ।

(३) खाद्य पदार्थ र विषजन्य पदार्थहरूलाई अलग गरी छुट्टाछुट्टै भण्डारण तथा विक्री वितरण गर्नु पर्नेछ ।

(४) मदिराजन्य पदार्थहरूको विक्री वितरणको लागि प्रचलित कानून बमोजिम अनुमति लिई छुट्टै विक्री स्थल निर्माण गरी विक्री वितरण गर्नु पर्नेछ ।

(५) पर्यटनसँग सम्बन्धित व्यवसाय गर्दा गाउँपालिकाले तोके बमोजिमका शर्त तथा मापदण्डहरू पुरा गर्नुपर्नेछ ।

(६) सार्वजनिक स्थान, विद्यालय, स्वास्थ्य संस्था, धार्मिक स्थल, सुधार गृह, बाल स्याहार केन्द्र, पुस्तकालय, सरकारी कार्यालय तथा सामाजिक महत्वका स्थानबाट १०० मिटर भित्र मदिरा बेचविखन गर्न पाइने छैन ।

(७) किराना, खाद्यान्न, तरकारी, औषधि, मासु, कपडा, फलफुल लगायतका कुनै पनि पसलबाट मदिरा विक्री वितरण गर्न पाइने छैन।

(८) गाउँपालिका क्षेत्रभित्र मदिरा वा वस्तु वा सेवाको विक्री वितरण वा व्यापार व्यवसाय गर्दा दर्ता वा अनुमति प्राप्त गरेको स्थलमा बाहेक अन्यत्र सेवा सञ्चालन तथा वस्तुको विक्री वितरण गर्न, गराउन पाइने छैन, स्थान परिवर्तन गर्नुपरेमा सो को पूर्व सहमति वडा कार्यालयबाट लिनुपर्नेछ।

(९) वस्तु वा सेवा सञ्चालन वा विक्री स्थल र वितरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

बुढीगंगा गाउँपालिका २०७३

२१. **विक्रीस्थलको मापदण्ड** : (१) प्रचलित कानूनमा उल्लिखित कुराहरूको अतिरिक्त वस्तु तथा सेवाको विक्री स्थल तयारी र सञ्चालनको लागि यस दफा बमोजिमको मापदण्डहरू पूरा गर्नु पर्नेछ ।

(२) खाद्यान्न, मासु, घरेलु तथा निर्माण सामग्री, औषधि र कपडाजन्य वस्तुको विक्री स्थल देहाय अनुसार व्यवस्थापन गर्नु गराउनु पर्नेछ;-

(क) विक्री गरीने वस्तुहरूको मुल्यसूची र गाउँपालिकाबाट प्राप्त इजाजतपत्र सबैले देख्ने ठाउँमा अनिवार्य रुपमा राख्नुपर्ने,

(ख) विक्री स्थल अगाडीको आँगन, फुटपाथ तथा नाला सफा राख्नुपर्ने,

(ग) मासु पसल सञ्चालन गर्दा छिमेकमा दुर्गन्ध आउने गरी वा फुटपाथमा वा अन्य स्थानमा जिँउदो वा मरेको कुखुरा वा खसि बोका वा राँगा सुँगुर राख्न नपाइने,

(घ) निर्माण सामग्री तथा अन्य मालसामानको लोड अनलोड गर्दा आवागमनमा अवरोध नहुने गरी वा रातीको समयमा गर्नुपर्ने,

(ङ) निषेध गरिएका क्षेत्रमा व्यवसाय गर्न नपाइने,

(च) तोकिए बमोजिमका अन्य मापदण्डहरू ।

(३) होटेल, रेष्टुरेष्ट, क्याफे, पार्टी प्यालेस तथा अन्य खाजा पसल जस्ता स्थानबाट विक्री हुने वस्तुको विक्री स्थल देहाय अनुसार व्यवस्थापन गर्नु गराउनु पर्नेछ;-

(क) होटेल तथा रेष्टुरेण्टमा सार्वजनिक सदाचार वा नैतिकतामा नराम्रो असर पर्ने किसिमका मनोरञ्जन वा त्यस्ता नाच गान देखाउन नपाइने,

(ख) होटल, रेष्टुरेण्ट, क्याफे, पार्टी प्यालेस तथा खाजा घरमा पकाउने ठाउँ सबैले देखिने गरी पारदर्शी हुनुपर्ने,

(ग) विक्री गरीने परिकार तथा पाकवानहरूको मुल्य सूची र गाउँपालिकाबाट प्राप्त इजाजतपत्र सबैले देख्ने ठाउँमा अनिवार्य रुपमा राख्नुपर्ने,

(घ) तोकिए बमोजिमका अन्य मापदण्डहरू ।

(४) सवारी साधनको पार्किङ्ग, ग्यारेज तथा वर्कसप जस्ता स्थानबाट विक्री हुने वस्तुको विक्री स्थल देहाय अनुसार व्यवस्थापन गर्नु गराउनु पर्नेछ;-

(क) निजी प्रयासबाट सञ्चालित पार्किङ्ग स्थलमा पार्किङ्ग गरे वापतको शुल्क तथा गाउँपालिकाबाट प्राप्त इजाजतपत्र सबैले देख्ने गरी राख्नुपर्ने,

(ख) ग्यारेज तथा अटोमोबाईल मर्मत केन्द्र जस्ता व्यवसाय गाउँपालिकाले तोकेको स्थानमा मात्र गर्ने,

(ग) ग्यारेज तथा वर्कसप सञ्चालन गर्दा त्यसबाट निस्कने फोहोरजन्य पदार्थको उचित व्यवस्थापन गर्नुपर्ने,

(घ) तोकिए बमोजिमका अन्य मापदण्डहरू ।

(५) पर्यटनसँग सम्बन्धित व्यवसायको मापदण्ड गाउँपालिकाले तोकी दिए बमोजिम हुनेछ ।

(६) हाट बजारसँग सम्बन्धित मापदण्ड गाउँपालिकाले तोकी दिए बमोजिम हुनेछ ।

(७) गाउँपालिकाले तोकेको वा अनुमति वा स्वीकृती प्रदान गरेको बाहेकका सार्वजनिक स्थल, फुटपाथ, बाटो मिचेर वा ओगटेर सामान राख्ने वा झुण्ड्याउने, पाली गाँस्ने, स्ट्यान्डी बोर्ड राख्ने तथा ठेला, डोका, नाङ्लो वा भुँइमा तरकारी, फलफूल वा अन्य व्यापारिक सामान राखेर बेचविखन गर्न पाइने छैन ।

(८) गाउँपालिकाले कुनै वस्तुको विक्री गर्न कुनै निश्चित स्थल, समय र पालना गर्नुपर्ने मापदण्ड तोक्न सक्नेछ ।

(९) महामारीको संक्रमण तथा विपद्‌जन्य अवस्था वा यस्तै विशेष अवस्थामा वा कुनै विशेष वस्तु वा सेवाको बजार सञ्चालनका लागि आवश्यक विक्रीस्थल व्यवस्थापनका लागि गाउँपालिकाले छुट्टै मापदण्ड तोकी सञ्चालन गर्न गराउन सक्नेछ ।

(१०) मदिरा व्यवसायीहरूले "मदिरा स्वास्थ्यका लागि हानिकारक छ" 'भन्ने नारा सबैले देखिने गरी राखुपर्नेछ ।

२२. **<u>स्थान र समय निर्धारण गर्न सक्ने</u>** : (१) गाउँपालिकाले वस्तु वा सेवा फर्मको विक्री वितरणका लागि कुनै निश्चित स्थान वा समय निर्धारण गर्न वा सो सम्बन्धी पूर्वाधार निर्माण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थान, समय निर्धारण वा पूर्वाधार निर्माण गर्दा एकीकृत बजार वा एकै प्रकारका फर्म, पसल, कम्पनी, उद्योग, व्यवसायलाई एकै ठाउँमा सञ्चालन गर्ने गरी दर्ता वा अनुमति प्रदान गरी व्यवस्थापन गर्न सकिनेछ ।

(३) मदिराको विक्री वितरण गर्दा गाउँपालिकाबाट जुन उद्देश्यका लागि ईजाजतपत्र लिएको हो सो बमोजिम थोक विक्रेता, खुद्रा विक्रेता, र बिर्को खोली मदिरा व्यवसाय गर्नेले तोकिए बमोजिमको समय सम्म मात्र विक्री वितरण गर्न पाउने छन् ।

(४) उपदफा (३) बमोजिम समय निर्धारण गर्दा गाउँपालिकाले मासिक रूपमा वा हिउँद र बर्षा सिजनका लागि फरक समय तालिका निर्धारण गर्न सक्ने छ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाले तोकेको विशेष पर्यटकीय क्षेत्रभित्र व्यवसाय सञ्चालनको समयसीमा र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) स्थान वा समय निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुने छ ।

२३. **वातावरण सफा र स्वच्छ राख्नुपर्ने** : (१) गाउँपालिका क्षेत्रमा कारोबार गर्ने वस्तु वा सेवाका फर्मले गाउँपालिका क्षेत्रको सरसफाई र स्वच्छतामा हानि, नोक्सानी हुने कुनै गतिविधि सञ्चालन गर्न पाइने छैन ।

(२) कारोबार स्थल, सडक, बाटो सफा राख्न तथा आफूले उत्सर्जन गरेको फोहोरको उचित व्यवस्थापन गर्नु सम्बन्धित फर्म सञ्चालकको कर्तव्य हुनेछ ।

(३) प्रत्येक व्यवसायी वा पसलले आफ्नो विक्री स्थलबाट निस्कने फोहोर मैलाको उचित व्यवस्थापन गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम फोहोरमैलाको व्यवस्थापन गर्दा गाउँपालिकाले तोकेको तरिका बमोजिम कुहिने र नकुहिने फोहोरमैलाको छुट्टाछुट्टै व्यवस्थापन गर्नु पर्नेछ ।

(५) वातावरण सरसफाई तथा फोहर व्यव्स्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२४. **मूल्य सूची तथा दर्ता प्रमाणपत्र राख्नुपर्ने** : (१) वस्तु वा सेवाका फर्मले पसलमा रहेको प्रत्येक उपभोग्य वस्तुको कारखाना मूल्य तथा बिक्रेताले विक्री वितरण गर्ने प्रत्येक वस्तुको थोक वा खुद्रा मूल्य र सेवा फर्मले प्रदान गर्ने सेवाको शुल्क स्पष्ट रुपमा उल्लेख गरी मूल्य सूची राख्नुपर्ने छ ।

(२) उत्पादक वा बिक्रेता वा सेवा फर्मले खरिद विक्री सम्बन्धी बिल बिजक दुरुस्त राख्नुपर्ने छ ।

(३) वस्तु वा सेवाको बिल वा बिजक गाउँपालिका वा समिति वा अनुगमन टोली वा निरीक्षण अधिकृतले मागेको बखत उपलब्ध गराउनु पर्नेछ ।

(४) वस्तु वा सेवा विक्री गर्दा उपभोक्तालाई बिक्रेताले बिल दिनुपर्ने छ ।

२५. **मदिरा विक्री वितरण नियन्त्रण** : (१) गाउँपालिकाले व्यवसाय दर्ता वा अनुमति बिना गाउँपालिका क्षेत्रभित्र मदिरा विक्री वितरण गर्न गराउन रोक लगाउन सक्नेछ ।

स्पष्टिकरणः "मदिरा विक्री वितरण नियन्त्रण" भन्नाले यस दफाको प्रयोजनका लागि कुनै व्यक्ति वा व्यवसायीले दर्ता वा अनुमतिपत्र बिना वा दर्ता गरेका वा अनुमतिपत्र पाएकाले पनि दर्ता वा अनुमतिमा तोकिएको शर्त बमोजिम बाहेक मदिरा विक्री वितरण गर्न वा मदिरा खुवाउने बार वा रेष्टुराँ वा पसल स्थापना गरे वा गराएको भन्ने सम्झनु पर्दछ ।

२६. **वस्तु वा सेवाको बजारसँग सम्बद्द पक्षको दायित्व** : (१) यस ऐन बमोजिम व्यवसाय दर्ता, नवीकरण लगायतका यस ऐनको प्रावधानको कार्यान्वयन गर्नु प्रत्येक व्यवसायी वा फर्मको दायित्व हुनेछ ।

(२) गाउँपालिकाभित्र वस्तु वा सेवा प्रदान गर्ने प्रत्येक उत्पादक, आयातकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता, बिक्रेता फर्मले प्रचलित कानून बमोजिमको दायित्व पूरा गर्नु पर्नेछ ।

## परिच्छेद- ४
## सुपथ मूल्यको पसल सम्बन्धी व्यवस्थापन

२७. **सुपथ मूल्यको पसल** : (१) गाउँपालिकाले दैनिक उपभोग्य वस्तुहरुको सहज र सुपथ उपलब्धताको लागि सार्वजनिक सहकारी तथा निजी क्षेत्रसँगको सहकार्यमा सुपथ मूल्यका पसलको स्थापना तथा सञ्चालन गर्न गराउन सक्नेछ ।

(२) सुपथ मूल्यको पसलको मालवस्तुको मूल्य निर्धारण गर्दा प्राप्त अनुदान सहयोगलाई समेत हेरी बिक्रेताले सोही अनुपातमा सहुलियत मूल्य कायम गर्नु पर्दछ ।

२८. **सुपथ मूल्यको पसल दर्ता गरी सञ्चालन गर्नु पर्ने** : (१) गाउँपालिका आफैंले वा अन्य कसैले गाउँपालिकाबाट दर्ता स्वीकृत प्राप्त गरी सुपथ मूल्य पसल सञ्चालन गर्न गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सुपथ मूल्य पसल सञ्चालनको उद्देश्य देहाय बमोजिम हुनेछ;-

(क) गाउँपालिका क्षेत्रमा बसोबास गर्ने उपभोक्ताहरूलाई दैनिक जीवनयापन सहज तुल्याउने खाद्यान्न लगायत अत्यावश्यक दैनिक उपभोग्य वस्तुको सहज आपूर्ति तथा सुरक्षाको सुनिश्चितता हुने गरी योगदान गर्ने,

(ख) प्रतिस्पर्धी मूल्य एवं गुणस्तरका अत्यावश्यक वस्तुमा उपभोक्ताको सहज र सुलभ रुपमा पहुँच स्थापना गर्नुको साथै सुपथ तथा छुट मूल्यमा उपभोग्य वस्तुको बिक्री वितरण गर्ने,

(ग) स्थानीय किसान, लघु तथा घरेलु उद्योगी र व्यवसायीबाट उत्पादन भएका अत्यावश्यक कृषिजन्य, लघु तथा घरेलु उत्पादनका वस्तुको उचित मूल्यमा खरिद तथा सुपथ मूल्यमा बिक्री गरी किसान तथा व्यवसायी र उपभोक्ताको हित संरक्षण र प्रबर्द्धन गर्ने,

(घ) गरिबी, विपन्नता, विपद् वा अन्य कुनै कारणले दैनिक छाक टार्न अप्ठेरोमा परेका गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने गाउँवासीहरूलाई तोकिए वमोजिमका अत्यावश्यक वस्तु तोकिए बमोजिम राहत वा छुट मूल्यमा उपलब्ध गराउने,

(ङ) नेपाल सरकारलाई वैदेशिक सहायताबाट प्राप्त हुने खाद्यान्न लगायतका अत्यावश्यक वस्तुहरू प्राप्त गरी नेपाल सरकारको नीति बमोजिम गाउँबासी उपभोक्तालाई तोकिए बमोजिम वितरण गर्ने वा नियमानुसार उपलब्ध गराउने,

(च) सम्भव भएसम्म खाद्यान्न लगायतका स्वदेशमा उत्पादित अत्यावश्यक वस्तुको खरिद गर्ने, सङ्कलन गर्ने, ओसार पसार गर्ने, आवश्यक स्थानमा गोदाम निर्माण गर्ने, सञ्चय गर्ने र विक्री वितरण गर्ने,

(छ) अत्यावश्यक वस्तुको माग र आपूर्तिका तथ्याङ्कीय आधार तयार गरी नीति निर्माण गर्न गाउँपालिकालाई आवश्यक सहयोग पुर्‍याउने,

(ज) सुपथ मूल्यको पसललाई व्यवसाय उन्मुख एवं दिगो, उपभोक्ता मैत्री र उत्तरदायी बनाउने,

(झ) गाउँपालिकाले स्थानीय किसानबाट तोकिए बमोजिमका उत्पादित कृषिजन्य वस्तुहरू नेपाल सरकार तथा गाउँपालिकाले निर्धारण गरी दिएको मूल्यमा खरिद गर्ने र त्यस्ता वस्तु तोकिए बमोजिमको मूल्य वा सुपथ मूल्यमा विक्री गरी स्थानीय कृषि उत्पादनलाई प्रोत्साहन गर्ने तथा उपभोक्तालाई सस्तो मूल्यमा स्थानीय उत्पादन उपलब्ध गराउने,

(ञ) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहहरू र अन्य सार्वजनिक तथा निजी क्षेत्रसँग समन्वय, सहकार्य, साझेदारी र सहयोग प्राप्त गरी सुपथ मूल्य पसल प्रभावकारी रुपमा सञ्चालनको माध्यमबाट दिगो रुपमा उपभोक्ताको हित संरक्षण तथा स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्न आवश्यक अन्य कार्यहरू गर्ने ।

(३) गाउँपालिकाले सुपथ मूल्य पसल सञ्चालनका उद्देश्यहरू हासिल गर्न आवश्यक सहजीकरण गर्नेछ ।

२९. **<u>सुपथ मूल्यको पसल सञ्चालन स्वीकृति तथा व्यवस्थापन</u>** : (१) दफा २७ र २८ बमोजिम सुपथ मूल्यको पसल सञ्चालन गर्न इच्छुक सहकारी संस्था, सार्वजनिक संस्था वा फर्मले गाउँपालिकाबाट स्वीकृति लिनुपर्नेछ ।

(२) दफा २८ बमोजिम सुपथ मूल्य पसलको सञ्चालनका उद्देश्यहरू प्राप्तिका लागि गाउँपालिकाले आवश्यक संख्यामा सुपथ मूल्य पसलहरू सञ्चालनका लागि स्वीकृति प्रदान गर्न सक्नेछ ।

(३) दफा २८ बमोजिम उद्देश्य प्राप्त गर्नका लागि सुपथ मूल्य पसल सञ्चालकले आवश्यक व्यवस्थापन गर्नु पर्नेछ ।

(४) सुपथ मूल्यको पसल सञ्चालन तथा व्यवस्थापन कार्यका लागि गाउँपालिकाले आवश्यक समन्वय र सहजीकरण गर्न सक्नेछ ।

३०. **सुपथ मूल्यको पसल सञ्चालन गर्न प्रस्ताव आव्हान गर्नुपर्ने** : (१) गाउँपालिका क्षेत्रमा कार्यक्षेत्र भएका सुपथ मूल्यको पसल सञ्चालन गर्न इच्छुक सहकारी संस्था, सार्वजनिक संस्था वा व्यवसाय वा पसल वा फर्मलाई सुपथ मूल्य पसल सञ्चालन स्वीकृतिका लागि गाउँपालिकाले तोकेको ढाँचा र शर्तमा प्रस्ताव आव्हान गर्ने गरी गाउँपालिकाले सूचना जारी गर्नुपर्नेछ ।

३१. **प्रस्तावक संस्थाले प्रस्ताव पेस गर्नु पर्ने** : (१) दफा ३० बमोजिम गाउँपालिकाले आह्वान गरेको प्रस्ताव अनुसार सुपथ मूल्य पसल सञ्चालन गर्न सक्ने इच्छुक सहकारी संस्था वा फर्म वा सार्वजनिक संस्थाले गाउँपालिकाले तोकेको ढाँचामा पसल सञ्चालन स्वीकृतिका लागि प्रस्ताव पेस गर्न सक्नेछन् ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिमको प्रस्ताव वडा कार्यालय मार्फत समेत दर्ता गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम वडा कार्यालयमा दर्ता हुन आएका प्रस्तावहरू सूचनामा तोकिए बमोजिमको म्यादभित्र गाउँपालिकामा पठाउनु पर्नेछ ।

३२. **प्रस्ताव मूल्याङ्कन गरी पसल सञ्चालन गर्ने संस्था छनौट गर्नुपर्ने** : (१) दफा ३० बमोजिम प्रकाशित सूचनामा तोके बमोजिम मूल्याङ्कनका आधारमा दफा ३१ बमोजिम प्रचलित कानून बमोजिम स्थापित सहकारी संस्था, व्यवसाय वा पसल वा फर्म वा सार्वजनिक संस्थाबाट पर्न आएका आवेदन मध्येबाट प्रचलित कानून बमोजिम मूल्याङ्कन गरी गाउँपालिकाले संस्था छनौट गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पर्न आएका प्रस्ताव खोल्ने, मूल्याङ्कन गर्ने लगायतका आवश्यक सम्पूर्ण प्रक्रिया प्रचलित सार्वजनिक खरिद कानून बमोजिम सम्पन्न गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रस्तावको मूल्याङ्कन गर्दा अन्य कुराका अतिरिक्त देहायका कुराहरूलाई समेत ध्यान दिनु पर्नेछ;-

(क) ढुवानी खर्च,

(ख) सामग्रीको बजार मूल्य र छुट दिन सकिने मूल्यको दर,

(ग) ओभरहेड खर्च,

(घ) सुपथ मूल्य पसलले सेवा दिने क्षेत्र र जनसंख्या,

(ङ) भौगोलिक अवस्था,

(च) स्थानीय उत्पादनको अवस्था,

(छ) नेपाल सरकार,प्रदेश सरकार तथा गाउँपालिकाको लगानीको आधारमा प्राप्त हुने प्रतिफल,

(ज) प्रचलित बजार मूल्य,

(झ) गाउँपालिकाले निर्धारण गरेको अधिकतम खुद्रा मूल्य,

(ञ) पसलको उद्देश्य हासिल गर्ने दिगोपनाको कार्ययोजना,

(ट) गाउँपालिकाले मूल्याङ्कन गर्न आवश्यक देखेका अन्य कुराहरू,

(ठ) तोकिए बमोजिमका अन्य कुराहरू ।

३३. **सम्झौता गर्नुपर्ने** : (१) दफा ३२ बमोजिम सुपथ मूल्य पसल सञ्चालनका लागि छनौट भएका सहकारी संस्था वा सार्वजनिक संस्था वा फर्म वा पसलले गाउँपालिकासँग सम्झौता गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम फर्म वा सहकारी संस्थासँग सम्झौता गर्नका लागि गाउँपालिकाले सम्बन्धित वडा कार्यालयलाई अख्तियारी दिन सक्नेछ।

(३) गाउँपालिकासँगको सम्झौता बमोजिम सुपथ मूल्य पसल सञ्चालन तथा व्यवस्थापन गर्नु सम्बन्धित पसल सञ्चालकको कर्तव्य हुनेछ।

३४. **सुपथ मूल्यको पसल सञ्चालनको निरन्तरता** : (१) सुपथ मूल्यको पसल सञ्चालक व्यक्ति वा संस्थाले स्रोतको सुनिश्चितता गरी दिगो रूपमा सुपथ मूल्य पसल सञ्चालन र व्यवस्थापनको आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(२) पसल सञ्चालन गर्न अनुमति प्राप्त व्यक्ति वा संस्थाले सुपथ मूल्यको पसलको दिगो सञ्चालनका लागि आवधिक र रणनीतिक कार्ययोजना तयार पार्नुका साथै व्यवस्थापकीय क्षमता अभिवृद्दि गर्नुपर्ने छ ।

(३) गाउँपालिकाले सुपथ मूल्यको पसलको दिगो व्यवस्थापनका लागि कार्यक्रमको औचित्यता, प्रभावकारिता, मितव्ययिता, जवाफदेहिता र कार्यसम्पादनलाई ध्यानमा राखी स्वीकृत प्राप्त पसल सञ्चालक संस्थासँग आपसी सहमतिमा आवश्यक कार्यक्रम सञ्चालन गर्न सम्झौता गर्न सक्नेछ ।

३५. **सुपथ मूल्यको पसलले पालना गर्नु पर्ने शर्त** : (१) सुपथ मूल्यको पसल सञ्चालन गर्न अनुमति प्राप्त सहकारी संस्था वा सामुदायिक संस्था वा फर्म वा पसलले देहाय बमोजिमको शर्तहरू पालना गर्नुपर्नेछ;-

(क) सुपथ मूल्य पसल सञ्चालनको उद्देश्य पूरा हुने गरी सुपथ मूल्य पसलमा सहज आपूर्ति र सो को वितरणको व्यवस्था मिलाउने,

(ख) विक्री वितरण गरेको अत्यावश्यक वस्तु र उपभोक्ता कारोबार सम्बन्धी यथार्थ विवरण राख्ने,

(ग) खण्ड (ख) बमोजिमको लगत सहितको प्रतिवेदन पाक्षिक रूपमा सम्बन्धित वडा कार्यालय मार्फत गाउँपालिकामा पेस गर्ने,

(घ) प्रचलित कानून र सम्झौताका शर्तहरू समेतको पालना गर्ने ।

(२) उपदफा (१) बमोजिमको सहकारी संस्था वा सामूदायिक संस्था वा फर्म वा व्यक्तिले सुपथ मूल्य पसल सञ्चालन तथा व्यवस्थापन गर्दा उपभोक्ताको सर्वोत्तम हितलाई ध्यानमा राख्नु पर्नेछ ।

३६. <u>**सम्झौता वा स्वीकृती रद्द गर्न सकिने**</u> : (१) देहायको अवस्थामा गाउँपालिकाले सुपथ मूल्य पसल सञ्चालन तथा व्यवस्थापन गर्ने फर्म वा सहकारी संस्थासँग गरिएको सम्झौता वा पसल सञ्चालन स्वीकृति रद्द गर्न सक्नेछ;-

(क) उपभोक्ता कारोबार सम्बन्धी विवरण र सामग्रीको खरिद,विक्री र बाँकी मौज्दात सम्बन्धी विवरण यथार्थपरक नभएमा,

(ख) झुट्टा विवरण पेस गरी मूल्य छुटको सोधभर्ना लिएको प्रमाणित भएमा,

(ग) पसलको दिगो विकास र उपभोक्ताको हितलाई बेवास्ता गरेमा,

(घ) गुणस्तरहीन र म्याद गुज्रेका सामग्री विक्री गरेको प्रमाणित भएमा,

(ङ) अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनबाट प्राप्त सुझावका आधारमा गाउँपालिकाले दिएको सुझाव वा निर्देशन पालना नगरेमा,

(च) नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाबाट प्राप्त रकमको दुरुपयोग गरेमा,

(छ) यस ऐनको उद्देश्य,कानूनी व्यवस्था तथा सम्झौता विपरीतको काम गरेमा, र

(ज) सहकारी संस्था वा सामुदायिक संस्था वा फर्म वा व्यक्तिबाट सुपथ मूल्यको पसलको उद्देश्य बमोजिम कार्यक्रम सन्तोषजनक ढङ्गले सञ्चालन गरेको नपाइएमा ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी सम्झौता रद्द गर्नु पूर्व सुपथ मूल्य पसल सञ्चालक फर्म वा सहकारी संस्थालाई सफाई पेस गर्ने उचित मौका दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सफाई पेस गर्ने मौका दिदा तोकिएको म्याद भित्र सबुत प्रमाण सहित सफाई पेस नगरेमा वा पेस गरेको सफाई सन्तोषजनक नभएमा सम्झौता रद्द गर्न वाधा पर्ने छैन ।

(४) उपदफा (१) को खण्ड (च) बमोजिम रकम दुरूपयोग भएको वा अनुचित व्यवसायजन्य क्रियाकलाप सञ्चालन गरेको पर्याप्त आधार र कारण भएमा प्रचलित कानून बमोजिम सरकारी बाँकीसरह असुल उपर गर्ने गरी कारबाही गर्न गाउँपालिकाले अख्तियार प्राप्त निकाय वा अधिकारी समक्ष लेखी पठाउनु पर्नेछ ।

## परिच्छेद-५

## बजार व्यवस्थापन र उपभोक्ता हित संरक्षण समिति

३७. **उपभोक्ताको अधिकारको संरक्षण र सम्वर्द्धन** : (१) गाउँपालिकाले उपभोक्ताको अधिकार संरक्षण र सम्वर्द्धनको व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उपभोक्ताको अधिकार संरक्षण गर्न गाउँपालिकाले आवश्यक नीतिगत तथा संस्थागत व्यवस्था गर्न सक्नेछ ।

(३) गाउँपालिकाले उपभोक्ता हितको संरक्षणको लागि वस्तु र सेवाको आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, लेबल, विज्ञापन आदिको नियमित बजार सुपरिवेक्षण तथा अनुगमन सम्बन्धी व्यवस्था गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(४) गाउँपालिकाभित्र उपभोक्ता सचेतना अभिबृद्दि सम्बन्धी कार्यक्रम समितिले तोके बमोजिम हुनेछ ।

३८. **समिति गठन** : (१) उपभोक्ताको हित संरक्षणका लागि आवश्यक नीतिगत व्यवस्था गर्न तथा बजार अनुगमन कार्यलाई मार्गदर्शन एवं समन्वयको लागि देहाय अनुसारको एक बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समिति गठन गरिनेछ ।

(क) गाउँपालिकाको उपाध्यक्ष - संयोजक

(ख) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) गाउँपालिकाको आर्थिक विकास समितिको संयोजक - सदस्य

(घ) अध्यक्षले तोकेको एक जना महिला सहित दुई जना कार्यपालिका सदस्य - सदस्य

(ङ) जिल्ला प्रशासन कार्यालय वा इलाका प्रशासन कार्यालयका अधिकृत प्रतिनिधी -सदस्य

(च) गाउँपालिका केन्द्रमा वा क्षेत्रभित्र रहेको प्रहरी कार्यालयको अधिकृत प्रतिनिधि - सदस्य

(छ) गाउँपालिकामा रहेको उद्योग वाणिज्य सङ्घको अध्यक्ष वा प्रतिनिधि - सदस्य

(ज) उपभोक्ता हित संरक्षण सम्बन्धी संस्थाहरूका अध्यक्ष वा प्रतिनिधि - सदस्य

(झ) उद्योग वाणिज्य सङ्घ अध्यक्ष वा प्रतिनिधि - सदस्य

(ञ) आन्तरिक राजश्व कार्यालय -सदस्य

(ट) होटल व्यवसायीहरूको छाता संगठनको प्रमुख -सदस्य

(ठ) गाउँपालिका स्तरीय मदिरा व्यवसायी संघको प्रमुख वा प्रतिनिधि -सदस्य

(ड) मदिरा व्यवसाय ईजाजत दिने विषयगत कार्यालयका अधिकृत प्रतिनिधि — सदस्य

(ढ) गाउँपालिका अन्तर्गतको युवा परिषद्को अध्यक्ष -सदस्य

(ण) गाउँपालिकाको नगर प्रहरीको कमाण्डर -सदस्य

(त) गाउँपालिकाको उपभोक्ता हित संरक्षण हेर्ने शाखाका प्रमुख वा निरीक्षण अधिकृत - सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

३९. **समितिको बैठक** : (१) समितिको बैठक आवश्यकता अनुसार समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको बैठकमा संयोजक सहित बहुमत सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको नियमित बैठक बस्ने सूचना र बैठकमा पेश गर्ने विषयवस्तु सो बैठक बस्नु भन्दा कम्तीमा तीन दिन अगावै सवै सदस्यहरूलाई जानकारी दिनु पर्नेछ ।

तर, आकस्मिक बैठकको सम्बन्धमा आवश्यकता अनुसार बैठक बोलाउन र बस्न यस उपदफाले बाधा पुर्याएको मानिनेछैन ।

(४) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ ।

(५) समितिको निर्णय बहुमतबाट हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ ।

(६) समितिको बैठकमा आवश्यकतानुसार विषयगत क्षेत्र, निकाय, संस्थाका पदाधिकारी वा विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(७) संयोजक र सदस्यले बैठकमा भाग लिए वापत पाउने बैठक भत्ता गाउँ कार्यपालिका सदस्यले पाउने भत्ता सरह हुनेछ ।

(८) समितिको बैठक महिनामा एक पटक बस्नेछ, एक बैठक र अर्को बैठक बीचको अवधि दुई महिना भन्दा बढी हुने छैन ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

४०. **<u>समितिको काम कर्तव्य र अधिकार</u>** : (१) समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ,-

(क) उपभोक्ता हित संरक्षण तथा स्वच्छ बजार व्यवस्थापन सम्बन्धी आवश्यक नीतिगत व्यवस्था गर्ने,

(ख) बजारलाई स्वच्छ र प्रतिस्पर्धी बनाउन उपभोक्ताको हकहितमा प्रतिकूल असर पर्ने वा पर्न सक्ने एकाधिकार वा अनुचित व्यापारिक क्रियाकलापको रोकथाम र नियन्त्रण गर्ने वा त्यस सम्बन्धमा कार्य योजना बनाई लागू गर्ने,

(ग) अत्यावश्यक वस्तुहरूको माग र आपूर्तिको अवस्था सम्बन्धी तथ्यांक सङ्कलन गरी उपभोक्तालाई उचित मूल्य र सहज रुपमा खाद्यान्न लगायतका अन्य दैनिक अत्यावश्यक उपभोग्य वस्तुको आपूर्ति सुनिश्चित गर्न नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्था वा निजी फर्म वा कम्पनीलाई प्रोत्साहित गर्ने वा माग बमोजिम आपूर्ति व्यवस्था सहज र सुलभ बनाउन आवश्यक कार्य गर्ने,

(घ) आपूर्ति व्यवस्थालाई सहज, सुलभ र पहुँचयोग्य बनाउन सार्वजनिक संस्था, सहकारी र निजी क्षेत्रलाई प्रोत्साहन गर्ने तथा कुनै ठाँउ विशेषको लागि कुनै वस्तु वा सेवाको निश्चित अवधिका लागी अधिकतम मौज्दातको परिमाण तोक्ने,

(ङ) उपभोक्ता शिक्षा सम्बन्धी सचेतना तथा बजार अनुगमनको पूर्व कार्ययोजना र आवश्यकता अनुसार अनुगमन कार्यतालिका बनाई नियमित रुपमा बजार अनुगमन गर्ने र आवश्यकता बमोजिम आकस्मिक वा विशेष अनुगमन गर्ने,

(च) उपभोक्ता हित विपरीत भएका कार्यमा आवश्यक कानुनी कारबाहीको लागि संरक्षण वा अनुसन्धान अधिकृत तोक्ने,

(छ) उपभोक्ताको गुनासो तथा सूचना प्राप्त गर्न गाउँ उपभोक्ता हटलाइन जस्ता सेवा सञ्चालन गरी उपभोक्तालाई गुनासो गर्न सहज सुलभ बनाई उपभोक्तालाई जायज गुनासो गर्न प्रोत्साहन तथा पुरस्कृत गर्ने,

(ज) वस्तु तथा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायत वस्तु वा सेवाका उत्पादक, बिक्रेता वा वितरकले अवाञ्छित तरिकाले गरेको मूल्य वृद्धिलाई रोक्न व्यापारिक क्रियाकलापको अनुगमन तथा आवश्यक नियन्त्रणको व्यवस्था गर्ने,

(झ) कालोबजारी, एकाधिकार, मिलेमतोपूर्ण भाउ निर्धारण, कृत्रिम अभाव तथा बजार प्रवेशमा अवरोध गर्ने जस्ता गैह्र प्रतिस्पर्धी व्यापारिक क्रियाकलाप भए, नभएको अनुगमन गर्ने,

(ञ) कुनै वस्तुको अनुचित व्यापारिक क्रियाकलाप मिसावट, गुणस्तरहीन, कम तौल भएको देखिएमा भेटिएमा आवश्यकता अनुसार त्यस्ता वस्तु जफतगर्ने, नष्ट गर्ने, कारोबार रोक्का गर्ने वा बन्द गर्ने लगायतका कार्य गर्ने,

(ट) अनुगमनको क्रममा प्रचलित कानून बमोजिमको व्यवस्था परिपालना भएको नपाइएमा वा ऐन तथा प्रचलित कानून बमोजिमको व्यवस्था कायम गर्नको लागि निश्चित अवधि तोकी सम्बन्धित उत्पादक, वितरक विक्रेतालाई आदेश दिने,

(ठ) कसैले यस ऐन बमोजिम कसुर हुने कुनै कार्य गरेको पाइएमा आवश्यक कारबाहीको लागि सम्बन्धित निकाय समक्ष लेखी पठाउने,

(ड) अत्यावश्यक वस्तुहरुको माग र आपूर्तिको अवस्था सम्बन्धी तथ्याङ्क सङ्कलन र मागको प्रक्षेपण गर्ने,

(ढ) यस ऐन अनुसार गठित अनुगमन टोलीद्वारा पेस भएको बजार अनुगमन सम्बन्धी प्रतिवेदन माथि विश्लेषण गरी आवश्यक निर्देशन दिने,

(ण) उपभोक्ताको हित संरक्षण गर्न आपूर्ति व्यवस्था र उपभोग्य वस्तु वा सेवाको छड्के सुपरिवेक्षण तथा अनुगमन गर्ने,

(त) गाउँपालिका क्षेत्रभित्र उत्पादित कुनै खाद्य वस्तुको अभाव भएमा त्यस्तो खाद्य वस्तुको निश्चित परिमाण निर्धारण गरी तोकिएको वा उचित मूल्यमा उत्पादक,

भण्डारक, आयातकर्ता वा बिक्रेताबाट खाद्य वस्तु प्राप्त गरी सर्वसाधारणलाई विक्री वितरणको व्यवस्था गर्ने,

(थ) थोक वा खुद्रा व्यवसायलाई व्यवस्थित गर्न त्यस्ता व्यवसायसँग सम्बन्धित व्यापारिक फर्म वा कम्पनीको नाम ठेगाना उपभोग्य वस्तुको मौज्दात लगायत अन्य आवश्यक विवरण खुलाउन लगाई उचित मूल्यमा विक्री वितरण गर्न निर्देशन दिने,

(द) उपभोक्ताको हकहित संरक्षण गर्न र आपूर्ति व्यवस्थालाई नियमित गर्नको लागी कुनै उपभोग्य वस्तु वा सेवाको कृत्रिम अभाव हुन नदिन, सबै ठाँउमा नियमित रुपमा उपभोग्य वस्तु वितरण गर्न सम्बन्धित निकायहरुसँग समन्वय गर्ने,

(ध) उपभोग्य वस्तुको विक्री वितरण प्रणालीलाई नियमित गर्ने र अनुपयुक्त तवरले अभाव सिर्जना गर्ने वा कालोबजारी गर्ने काम वा अनुचित व्यापारिक क्रियाकलापलाई नियन्त्रण गर्ने,

(न) आवश्यकता अनुसार बजार अनुगमन समिति, बजार अनुगमन टोली, विषयगत अनुगमन टोली वा संयुक्त बजार अनुगमन टोली गठन गरी परिचालन गर्ने,

(प) मदिराको विक्री वितरण र व्यवस्थापन तथा नियमन गर्न यस ऐनलाई कडाइका साथ लागू गर्ने गराउने,

(फ) गाउँपालिकालाई मदिरा विक्री वितरणको प्रभावकारी व्यवस्थापनका लागि प्रत्येक गाउँ सभा पूर्व नीति, बजेट तथा कार्यक्रमका बारेमा लिखित सुझाव पेस गर्ने,

(ब) वस्तु वा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल लगायतलाई उपभोक्ता मैत्री बनाउन पर्ने,

(भ) उपभोक्ता हित विपरीत कार्यमा आवश्यक कानूनी कारबाहीको लागि निरीक्षण वा अनुसन्धान अधिकृत तोक्ने,

(म) मदिराको अव्यवस्थित विक्री वितरणलाई व्यवस्थित गरी गाउँपालिकामा हुने विकृति, विसङ्गतिलाई रोक्न आवश्यक कार्य गर्ने गराउने,

(य) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

(२) समितिले छड्के सुपरिवेक्षण तथा अनुगमन गर्दा यस ऐनको व्यवस्था प्रतिकूल कसैबाट काम कारबाही भएको पाइएमा सुपरिवेक्षण तथा अनुगमन गरिएको फाइल साथ आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।

(३) सम्बन्धित निकायले पनि सो सम्बन्धमा भएको काम कारबाहीको जानकारी समितिलाई गराउनुपर्ने छ ।

(४) समितिले बजार छड्के अनुगमन गर्दा यस ऐन बमोजिम निरीक्षण अधिकृतलाई प्राप्त सम्पूर्ण अधिकार प्रयोग गर्न सक्ने छ ।

(५) समितिले गरेको काम कारबाहीको त्रैमासिक प्रतिवेदन कार्यपालिकामा पेस गरी छलफल गरिनेछ।

४१. **वडा समिति** : (१) बजार व्यवस्थापन तथा उपभोक्ताको हित संरक्षणका लागि वडा तहमा कार्य गर्न प्रत्येक वडामा देहाय अनुसारको एक वडा उपभोक्ता हित संरक्षण समितिको गठन गरिनेछ।

(क) सम्बन्धित वडाको वडा अध्यक्ष - संयोजक

(ख) सम्बन्धित वडाका वडा सदस्यहरू - सदस्य

(ग) प्रहरी कार्यालयको प्रमुखले तोकेको प्रहरी कर्मचारी - सदस्य

(घ) सम्बन्धित वडाका नागरिक सङ्गगठन, सङ्घ संस्था, टोल, आमा समुहहरू मध्येबाट वडा अध्यक्षले तोकेको कम्तिमा दुई जना महिला सहित तीन जना - सदस्य

(ङ) होटल तथा पेय पदार्थ व्यवसायी सङ्घका प्रमुख वा प्रतिनिधि - सदस्य

(च) सम्बन्धित वडाका वडा सचिव - सदस्य सचिव

(३) वडा उपभोक्ता हित संरक्षण समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) मदिरा व्यवसाय सञ्चालन अनुमति दिँदा ऐनमा उल्लेख भएका प्रकृया पूरा गर्ने व्यवसायलाई मात्र ईजाजत पत्र प्रदान गर्ने ।

(ख) वडामा यस ऐन बमोजिम मदिरा विक्री वितरण तथा सेवन भएको छ छैन ? सो को अनुगमन गरी त्यसको जानकारी मूल समितिलाई दिने ।

(ग) यस ऐनमा भएको व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।

(घ) यस ऐनको पालना नगर्नेलाई ऐन बमोजिम जरिवाना गर्ने । जरिवाना तिर्न अटेर गरेमा सो को जानकारी मूल समितिलाई दिने

(ङ) समय समयमा मूल समितिले दिएको आदेश निर्देशनको पालना गर्ने गराउने ।

(च) यस ऐन बमोजिम आफूले गर्नुपर्ने अन्य कार्य गर्ने ।

(छ) ऐन कार्यान्वयनका लागि आवश्यक सुझावहरू भए समितिको निर्णय गराई मूल समितिमा लिखित प्रतिवेदन पेस गर्ने

(ज) यो ऐन विपरीत मदिरा बिक्री वितरण गर्ने वा सेवन गर्नेलाई जरिवाना गर्ने, गर्न लगाउने ।

(झ) बजारलाई स्वच्छ र प्रतिस्पर्धी बनाउन उपभोक्ताको हकहितमा प्रतिकूल असर पर्ने वा पर्न सक्ने एकाधिकार वा अनुचित व्यापारिक क्रियाकलापको रोकथाम र नियन्त्रण गर्ने वा त्यस सम्बन्धमा कार्य योजना बनाई लागू गर्ने,

(ञ) अत्यावश्यक वस्तुहरूको माग र आपूर्तिको अवस्था सम्बन्धी तथ्याङ्क सङ्कलन गरी माग बमोजिम आपूर्ति व्यवस्था सहज र सुलभ बनाउन आवश्यक कार्य गर्ने,

(ट) आपूर्ति व्यवस्थालाई सहज, सुलभ र पहुँचयोग्य बनाउन सार्वजनिक संस्था, सहकारी र निजी क्षेत्रलाई प्रोत्साहन गर्ने,

(ठ) उपभोक्ताको हित संरक्षण गर्न आपूर्ति व्यवस्था र उपभोग्य वस्तु वा सेवाको छड्के अनुगमन गर्ने,

(ड) उपभोक्ता शिक्षा सम्बन्धी सचेतना र बजार अनुगमनको कार्ययोजना तयार गरी लागू गर्ने,

(ढ) बजार अनुगमनको पूर्व कार्ययोजना र आवश्यकता अनुसार अनुगमन कार्यतालिका बनाई बजार अनुगमन गर्ने,

(ण) स्वीकृत कार्ययोजना बमोजिम नियमित रुपमा बजार अनुगमन गर्ने र आवश्यकता बमोजिम आकस्मिक वा विशेष अनुगमन गर्ने,

(त) वस्तु तथा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापको अनुगमन गर्ने,

(थ) कालोबजारी, एकाधिकार, मिलेमतोपूर्ण भाउ निर्धारण, कृत्रिम अभाव तथा बजार प्रवेशमा अवरोध गर्ने जस्ता गैह्र प्रतिस्पर्धी व्यापारिक क्रियाकलाप भए, नभएको अनुगमन गर्ने,

(४) वडा समितिको बैठक सम्बन्धी व्यवस्था लगायत अन्य व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

४२. **अनुगमन टोलीको गठन** : (१) यस ऐन बमोजिम वस्तु वा सेवाको फर्म दर्ता, नवीकरण, आपुर्ति, मुल्य, नापतौल, विज्ञापन लगायत अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप भए नभएको, मूल्य सूची

राखे नराखेको, वस्तु वा सेवाको गुणस्तर, मूल्य, परिमाणका सम्बन्धमा नियमित एवम् आकस्मिक बजार अनुगमन तथा निरीक्षण गर्न गाउँपालिकाले देहाय बमोजिमको बजार अनुगमन टोली गठन गर्नेछ ।

(क) गाउँपालिकाको उपभोक्ता अधिकार हित संरक्षण हेर्ने प्रशासनिक एकाई प्रमुख - संयोजक

(ख) सम्बन्धित वडा समितिले तोकेको कर्मचारी वा प्रतिनिधि -सदस्य

(ग) स्थानीय प्रहरी प्रशासनको प्रतिनिधि -सदस्य

(घ) गाउँ प्रहरीको प्रतिनिधि एक जना महिला सहित दुई जना -सदस्य

(ङ) समितिले मनोनयन गरेको गाउँमा क्रियाशील उपभोक्ता हित संरक्षणसँग सम्बन्धित संस्था मध्येबाट एकजना महिला सहित दुई जना -सदस्य

(च) उद्योग वाणिज्य वा व्यापार सङ्घसङ्गठनका प्रतिनिधि एक जना - सदस्य

(छ) पत्रकार महासङ्घका प्रतिनिधि एक जना -सदस्य

(ज) समितिले मनोनयन गरेको सम्बन्धित क्षेत्रको विषयगत कार्यालयका प्रतिनिधि एक जना -सदस्य

(२) उपदफा (१) बमोजिमको बजार अनुगमन टोलीमा सम्बन्धित वडाले तोकेको वडा सदस्य आमन्त्रित सदस्यको रुपमा रहनेछ ।

(३) अनुगमन टोलीमा कम्तीमा ५ (पाँच) जना प्रतिनिधि सङ्लग्न भइ बजार अनुगमन सम्बन्धी कार्य गरिनेछ ।

(४) उपदफा (३) बमोजिम कुनै विषयगत क्षेत्रको अनुगमन गर्ने कार्यमा सम्बन्धित विषयको विज्ञलाई अनिवार्य प्रतिनिधीको रुपमा समावेश गराउनु पर्नेछ ।

स्पष्टिकरणः यस उपदफाको प्रयोजनको लागि विषय विज्ञ वा प्रतिनिधी भन्नाले सम्बन्धित विषयको विज्ञलाई सम्झनु पर्दछ ।उदाहरणको लागि खाद्य वा कृषि उपजको अनुगमनका लागि खाद्य निरीक्षक वा उपलब्ध नभएमा कृषि प्राविधिक ।

(५) उपदफा (१) बमोजिम गठित बजार अनुगमन टोलीले अनुगमन गर्दा यस ऐन बमोजिम निरीक्षण अधिकृतलाई प्राप्त सम्पूर्ण अधिकार प्रयोग गर्न सक्नेछ ।

(६) अनुगमन टोलीको बैठक तथा सेवा सर्त र सुविधा तथा अनुगमन गरेको दिनको भत्ता सम्बन्धी व्यवस्था बुढीगंगा गाउँपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।

४३. **अनुगमन टोलीको काम, कर्तव्य र अधिकार** : (१) बजार अनुगमन टोलीको काम, कर्तव्य र अधिकार प्रचलित कानूनको अधिनमा रही देहाय बमोजिम हुनेछ;-

(क) बजार अनुगमनको पूर्व कार्य योजना र मासिक अनुगमन कार्यतालिका बनाई स्वीकृतीको लागि समितिमा पेस गर्ने,

(ख) स्वीकृत कार्ययोजना बमोजिम नियमित रूपमा बजार अनुगमन गर्ने र आवश्यकता बमोजिम आकस्मिक वा विशेष अनुगमन गर्ने,

(ग) वस्तु वा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायतका क्रियाकलापको अनुगमन गर्ने,

(घ) कालोबजारी, एकाधिकार (सिन्डिकेट), मिलेमतोपूर्ण भाउ निर्धारण (कार्टेलिङ्ग), कृत्रिम अभाव तथा बजार प्रवेशमा अवरोध गर्ने जस्ता गैर प्रतिस्पर्धी व्यापारिक क्रियाकलाप भए नभएको अनुगमन गर्ने,

(ङ) कुनै वस्तुको अनुचित (मिसावट, गुणस्तरहिन) कमतौल भएको देखिएमा वा भेटिएमा आवश्यकता अनुसार त्यस्ता वस्तु जफत गर्ने, नष्ट गर्ने, कारोबार रोक्का गर्ने वा बन्द गर्ने लगायतका कार्य गर्ने,

(च) उपभोक्ता हित संरक्षण समितिबाट समय-समयमा दिइएका निर्देशन एवं आदेश बमोजिमका कामहरू गर्ने,

(छ) गुणस्तरीय उपभोग्य वस्तु तथा सेवाको सहज र सर्वसुलभ आपूर्ति हुने वातावरणको सुनिश्चितता गर्नु पर्ने,

(ज) बजार प्रणालीलाई प्रतिस्पर्धी र उपभोक्ताप्रति जिम्मेवार तुल्याउन प्रचलित कानूनको कार्यान्वयनमा जोड दिने,

(झ) उपभोक्ता सचेतना र बजार अनुगमनको कार्ययोजना तयार गरी उपभोक्ता हित संरक्षण सम्बन्धी विषयलाई विशेष प्राथमिकतामा राख्ने,

(ञ) उपभोक्तालाई सचेत र जागरूक तुल्याउन वडा समितिको कार्यालयदेखि नै उपभोक्ता सचेतना लगायतका कार्यक्रमहरु सञ्चालन गर्ने,

(ट) आफ्नो गाउँ अन्तर्गत स्थापित वा सञ्चालित उद्योग नवीकरण, बिल विजक तथा विक्रीको लागि राखिएका मालवस्तु, नापतौल, गुणस्तर, लेबल, आपूर्ति, आदिको अनुगमन गर्ने,

(ठ) तरकारी, फलफूल, माछा, मासु, मिठाई पसल, डेरी, होटल लगायतका खाद्य वस्तुको विक्री स्थलको मापदण्ड तोक्ने। तरकारी बजार र वधशालाको व्यवस्था गर्ने,

(ड) बजार अनुगमन टोलीको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम बजार अनुगमन टोलीले बजार अनुगमनको संक्षिप्त प्रतिवेदन सोहि दिन कार्यालयमा पेस गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन विद्युतीय रूपमा समेत पेस गर्न सकिनेछ ।

४४. **निरीक्षण अधिकृत** : (१) गाउँपालिकाले प्रचलित कानून वा यस ऐन वा तोकिए बमोजिमको बजार अनुगमन, अनुसन्धान, तहकिकात लगायतका काम गर्न कुनै अधिकृत कर्मचारीलाई निरीक्षण अधिकृतको रुपमा नियुक्ति गर्न वा खटाउन सक्नेछ।

(२) गाउँपालिकाले आवश्यक देखेमा प्रचलित कानून बमोजिमको कुनै निरीक्षण अधिकृत तोक्नको लागि कुनै अधिकृत कर्मचारीलाई सिफारिस गर्न सक्नेछ।

(३) निरीक्षण अधिकृतको नियुक्ति गर्दा देहायको योग्यता पुगेको व्यक्तिलाई नियुक्ति गर्नु पर्नेछ;-

(क) कुनै विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको र गाउँपालिकाको स्थानीय सेवामा कम्तीमा छैटौं तहको पदमा कार्यरत रहेको,

तर, कुनै विषयको विशेष ज्ञान आवश्यक पर्ने भएमा त्यस्तो विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको व्यक्ति हुनु पर्नेछ ।

(ख) वस्तु वा सेवाको गुणस्तर निर्धारण तथा परीक्षण सम्बन्धी विषय वा कानून न्याय वा अपराध अनुसन्धान सम्बन्धी विषयमा मान्यता प्राप्त संस्थाबाट कम्तीमा तीस दिनको तालिम लिएको ।

(ग) निरीक्षण अधिकृतको पदमा नियुक्ति हुने व्यक्तिको योग्यता र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) गाउँपालिकाले उपदफा (३) बमोजिमको योग्यता पुगेको अधिकृत कर्मचारीलाई प्रचलित नेपाल कानून बमोजिम बजार, नियमन, अनुगमन, नियन्त्रण र निरीक्षण, जाँचबुझ गर्नका लागि निरीक्षण अधिकृतमा नियुक्तिका लागि सिफारिस गर्न सक्नेछ ।

४५. **निरीक्षण अधिकृतको काम, कर्तव्य र अधिकार** : (१) निरीक्षण अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;-

(क) निरीक्षण, जाँचबुझ वा अनुसन्धानको सिलसिलामा कुनै गुणस्तरहीन वा उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पार्ने वस्तुको विक्री, वितरण भइरहेको वा सेवा प्रदान गरेको देखिएमा त्यस्तो वस्तु वा सेवा व्यवसायमा प्रयोग भएको वस्तुको प्रयोगशाला परीक्षणको लागि आवश्यक पर्ने हदसम्मको परिमाणमा नमूना लिने र त्यस्तो नमूनालाई गुणस्तरमा फरक नपर्ने गरी सुरक्षित तरिकाले वस्तुको प्रकृति अनुसार निर्धारित प्रक्रिया पूरा गरी सिलबन्दी गर्ने,

(ख) खण्ड (क) बमोजिम नमूना लिएको वस्तुको विक्री, वितरणमा तीस दिनसम्म रोक लगाउने,

(ग) यस ऐन वा प्रचलित कानून विपरीत हुनेगरी कुनै वस्तु वा सेवाको उत्पादन वा विक्री, वितरण भएको पाइएमा त्यस्तो वस्तु वा सेवाको उत्पादन स्थल, विक्री वा वितरण स्थल सिलबन्दी गर्ने,

(घ) यस ऐन वा प्रचलित कानून विपरीत कुनै कार्य गर्ने व्यक्ति भाग्न वा उम्कन सक्ने देखिएमा वा निजलाई तत्काल पक्राउ नगरेमा अनुसन्धानमा प्रतिकूल असर पर्ने देखिएमा प्रचलित कानून बमोजिम पक्राउ गर्नका लागि प्रहरीलाई लेखि पठाई सो को जानकारी मुद्दा हेर्ने अधिकारीलाई दिने,

(ङ) उपभोग्य वस्तुको उत्पादन, विक्री वितरण गर्ने वा कुनै सेवा प्रदान गरेको ठाउँमा अनुमति लिएर वा नलिई प्रवेश गर्ने,

(च) उपभोग्य वस्तुको उत्पादन विक्री वितरण गर्ने वा सेवा प्रदान गर्ने व्यक्तिसँग आवश्यक विवरण वा जानकारी लिने,

(छ) उपभोग्य वस्तुको उत्पादन, विक्री वितरण गर्ने वा कुनै सेवा प्रदान गर्ने व्यक्तिसँग वा सोसँग सम्बन्धित अन्य व्यक्तिसँग आवश्यक बयान लिने,

(ज) कुनै उपभोग्य वस्तुको परीक्षण गर्न आवश्यक देखिएमा आवश्यक पर्ने परिमाणमा नमूना लिई प्रयोगशालामा परीक्षण गर्न लगाउने,

(झ) कुनै उपभोग्य वस्तु वा सेवाको तत्काल उत्पादन विक्री वितरण वा सेवा प्रदानमा रोक लगाउन आवश्यक देखिएमा सो रोक लगाउने,

(ञ) कुनै उपभोग्य वस्तुको परीक्षण गर्न आवश्यक देखिएको कारणबाट त्यसको परीक्षणको लागि नमूना लिईएकोमा प्रयोगशालाबाट नमूनाको परीक्षण भई नआएसम्मको लागि त्यस्ता वस्तुको विक्री वितरणमा रोक लगाउने,

(ट) निरिक्षण वा जाँचबुझको सिलसिलामा उत्पादक वा बिक्रेतालाई तत्काल कुनै आदेश दिन उपयुक्त देखिएमा सो आदेश दिने ,

(ठ) आवश्यकताअनुसार अनुगमनका क्रममा उत्पादन स्थल, गोदाम र पसलको खानतलासी गर्ने,

(ड) तोकिए बमोजिम अन्य कार्य गर्ने ।

४६. **<u>शाखा वा इकाई रहने</u>** : (१) गाउँ कार्यपालिकाको सङ्गठन संरचनामा बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण शाखा वा इकाई रहनेछ।

(२) उपदफा (१) बमोजिमको शाखा वा इकाइको व्यवस्था नभए सम्मको लागि हाल रहेका शाखाहरू मध्ये बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षणसँग सम्बन्धित कुनै शाखा वा इकाइको कार्य विवरणमा बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षणको कार्य विवरण थप गरी कार्य सम्पादन गर्न वाधा पुग्ने छैन ।

४७. **<u>लिखित कार्य विवरण तोक्ने</u>** : (१) गाउँपालिकाले तोकिए बमोजिमका वस्तु र सेवाको अनुगमन गर्न उपभोक्ता हित संरक्षण हेर्ने शाखा वा इकाई वा डेक्सलाई लिखित कार्य विवरण तोक्नु पर्नेछ । सोही आधारमा बजार अनुगमन टोलीले बजार अनुगमन सम्बन्धी कार्य गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्य विवरण रहेको शाखा वा इकाई वा डेक्सले यस ऐन र प्रचलित कानून बमोजिमको आधारमा समिति वा बजार अनुगमन टोली वा निरीक्षण अधिकृत वा अनुगमनकर्तालाइ बजार अनुगमन सम्बन्धी कार्यमा प्रशासनिक सहयोग गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कार्य विवरण रहेको शाखा वा इकाई वा डेक्सले मासिक रुपमा तोकिएको ढाँचामा बजार अनुगमनको एकीकृत प्रतिवेदन तयार गरी कार्यालयमा पेस गर्नु पर्नेछ ।

४८. **<u>उपभोक्ता शिक्षा र सचेतना</u>** : (१) गाउँपालिका वा समितिले गाउँपालिका भित्रका शैक्षिक संस्था वा समुदायमा उपभोक्ता शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गर्नु गराउनु पर्नेछ ।

(२) गाउँपालिका वा समितिले उपभोक्ता संस्थासँग साझेदारी कार्यक्रम सञ्चालन गरी उपभोक्ता शिक्षा तथा सचेतना कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(३) गाउँपालिका वा समितिले स्थानीय रुपमा रहेका उत्पादक वा व्यवसाय वा अन्य सङ्घ संस्थासँग सामाजिक उत्तरदायित्व बहन गराई उपभोक्ता शिक्षा तथा सचेतना कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(४) गाउँपालिका वा समितिले स्थानीय तहभित्र रहेका सञ्चार माध्यम मार्फत वा अन्य कुनै कार्यक्रम, गोष्ठी मार्फत उपभोक्ता शिक्षा तथा सचेतना कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(५) गाउँपालिका वा समितिले उपभोक्ता शिक्षा तथा सचेतना सम्बन्धी वार्षिक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ ।

(६) यो ऐन र प्रचलित कानून बमोजिम गाउँपालिकाले उपभोक्ता अधिकार लगायत, उपभोक्ता संरक्षण तथा उपभोक्ताको काम, कर्तव्य र अधिकार सम्बन्धमा उपभोक्ता सचेतना अभिवृद्धि कार्यक्रम आवश्यक योजना तथा कार्य योजना बनाई कार्यान्वयन गर्नेछ।

४९. **समितिको कार्यक्रम तथा बजेट** : (१) गाउँपालिकाले बजार व्यवस्थापन, अनुगमन तथा उपभोक्ता सचेतना अभिवृद्धिको लागि वार्षिक कार्यक्रम र बजेट बिनियोजन गर्नेछ ।

(२) नेपाल सरकार तथा प्रदेश सरकारबाट बजार अनुगमन तथा व्यवस्थापन तथा उपभोक्ता हित संरक्षणको सचेतनाको लागि अनुदान प्राप्त भएमा उपदफा (१) बमोजिमको कार्यक्रममा समावेश गर्नेछ ।

(३) गाउँपालिकाले आफ्नो स्रोत साधन र जनशक्ति प्रयोग हुने गरी बजार अनुगमनका लागि आवश्यक कार्यक्रम र बजेट प्राथमिकताका साथ वार्षिक कार्यक्रममा समावेश गर्नु पर्नेछ,

(४) नेपाल सरकार तथा प्रदेश सरकारबाट बजार अनुगमनका लागि अनुदान प्राप्त भएमा सोही अनुसार कार्यक्रममा समावेश गर्नुपर्नेछ,

(५) वार्षिक कार्यक्रममा उपभोक्ता सचेतनाको कार्यक्रम समेत समावेश गर्नुपर्नेछ,

(६) कार्यक्रम र बजेट सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-६

## वस्तु, सेवा र व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन

५०. **बजार अनुगमन गर्नु पर्ने** : (१) समिति वा कार्यालयले उपभोक्ताको हक अधिकार स्थापित गरी बजार व्यवस्थापन गर्न बजारको नियमित अनुगमनको व्यवस्था मिलाउनेछ ।

(२) उपदफा (१) बमोजिम बजार अनुगमन गर्न समिति वा कार्यालयले बजार अनुगमन टोली वा बजार अनुगमन अधिकृत वा बजार निरीक्षण अधिकृत वा बजार अनुगमनकर्ता तोक्न सक्नेछ।

५१. **बजार अनुगमनमा ध्यान दिनु पर्ने विषय** : (१) बजार अनुगमन गर्दा समिति, अनुगमन टोली, निरीक्षण अधिकृत र अनुगमनकर्ताले प्रचलित कानूनको अधिनमा रही देहाय बमोजिमका विषयहरूमा ध्यान दिनु पर्नेछ;-

(क) फर्म वा व्यवसायले नियामक निकायबाट कानून बमोजिम प्रदान गरिने गरेको दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) को प्रमाणपत्र, खाद्य अनुज्ञापत्र, औषधी पसल दर्ता प्रमाणपत्र लगायतका आवश्यक कागजातहरु लिएको छ, छैन हेर्ने,

(ख) प्रमाणपत्र नियमित रुपमा नवीकरण भए नभएको हेर्ने, प्रमाणपत्र नलिएको वा नवीकरण गरेको नदेखिएमा बढीमा ७ (सात) दिनभित्र सो कार्य गरी कार्यालयमा पेस गर्न लिखित निर्देशन दिने,

(ग) फर्म वा व्यवसायले आफ्नो व्यवसायको साइनबोर्ड राखेको, वस्तुको मुल्य सूचि राखेको छ, छैन हेर्ने, नराखेको भए ३ दिनभित्रमा राखी कार्यालयमा जानकारी दिन लिखित निर्देशन दिने,

(घ) फर्म वा व्यवसायले विक्री गर्ने माल, वस्तुको परिमाण, मूल्य, गुणस्तर र तौल ठिक छ छैन हेर्ने,

(ङ) प्याकेजिङ्ग गरिएको वस्तुको लेबलमा उत्पादक वा पैठारीकर्ताको नाम, उत्पादन मिति, उपभोग्य अवधि वा मिति, अधिकतम खुद्रा मूल्य, मिश्रण, भण्डारण र उपभोग गर्ने तरिका उल्लेख गरिएको छ, छैन हेर्ने,

(च) औषधि वा औषधियुक्त पदार्थ भए सो को प्याकिङ्ग प्रयोग गर्ने तरिका उल्लेख छ छैन हेर्ने,

(छ) औषधी विज्ञ (फार्मासिष्ट) औषधी विक्री स्थलमा भए नभएको एवं औषधि विक्रेता प्रमाणपत्र समेत हेर्ने ।

(ज) उपभोग्य मिति नाघेको औषधी, प्रशोधित पानी, विस्कुट, पाउरोटी लगायतका खाद्य तथा उपभोग्य वस्तुहरू फेला परेमा नष्ट गर्ने,

(झ) उत्पादन मिति, उपभोग्य मिति केरमेट गरेको वा पुनः लेबलिङ्ग वा छपाई गरेको छ छैन हेर्ने, पुनः लेबलिङ्ग वा छपाई गरेको पाईएमा त्यस्तो वस्तु जफत गर्ने,वस्तुको प्रकृति अनुसार मुचुल्का गरी नष्ट गर्ने,

(ञ) माछामासु, फलफूल, तरकारी, मिठाई पसल, डेरी र होटल बधशाला वा माछा मासु विक्रि स्थल सफासुग्घर र मापदण्ड अनुसार छ छैन हेर्ने, नभएमा कसुरको प्रकृति अनुसार सजग गराउने वा चेतावनी दिने तथा अटेरी गरेमा तोकिए बमोजिम दण्ड जरिवाना गर्ने,

(ट) विक्रेता वा क्रेतालाई वस्तुको विल विजक जारी गरेको छ छैन हेर्ने, विल अनिवार्य गर्न निर्देशन दिने,

(ठ) अनुगमन सम्बन्धी सूची (चेकलिस्ट) साथमा लिई जानुपर्ने,

(ड) स्थानीय प्रशासन र प्रहरीलाई अनुगमन पूर्व वा अनुगमनपछि शान्ति, सुरक्षाका लागि सूचना गर्न तयारी गर्नुपर्ने,

(ढ) अत्यावश्यक वस्तु तथा सेवा मध्ये कुन कुन विषयलाई पहिलो प्राथमिकतामा राख्ने भन्ने किटान गरी विषय सूची तयार गर्नुपर्ने,

(ण) वस्तु तथा सेवाको आपूर्ति विक्री वितरण, मूल्य, गुणस्तर आदिको बारेमा पर्याप्त सूचना र जानकारी हासिल गर्नुपर्ने,

(त) अनुगमन वा निरीक्षण गर्न जानु अगावै तालिका बनाई आवश्यक पर्ने साधन, सहयोग आदिको पूर्वतयारी गर्नुपर्ने,

(थ) आकस्मिक÷आवधिक प्रबन्धनात्मक उदेश्यमूलक अनुगमन गर्ने सम्बन्धमा निरीक्षण पूर्वको गोपनियता कायम गर्नुपर्ने छ ।

(द) अनुगमनकर्ताले अनुगमनका क्रममा फर्मसँग शिष्ट व्यवहार गर्नुपर्ने,

(ध) अनुगमन सम्बन्धी तोकिएका आचारसंहिताको पालना गर्नुपर्ने,

(न) तोकिए बमोजिमका अन्य कुराहरु ।

(२) समिति, अनुगमन टोली, निरीक्षण अधिकृत र अनुगमनकर्ताले बजार अनुगमन गरी बजार अनुगमनका क्रममा भएको कारबाही सम्बन्धी विस्तृत विवरण खुलेको दैनिक प्रतिवेदन पेस गर्नुपर्ने छ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन विद्युतीय माध्यमबाट समेत पेस गर्न सकिनेछ।

५२. <u>बजार निरीक्षण गर्दा अपनाउनु पर्ने कार्यविधि</u> : (१) समिति, अनुगमन टोली, निरीक्षण अधिकृत र अनुगमनकर्ताले निरीक्षण जाँचबुझ वा खानतलासी गर्दा अपनाउन पर्ने कार्यविधि प्रचलित कानून बमोजिम वा तोकिए बमोजिम हुनेछ।

(२) बजार अनुगमनमा जानु पूर्व समिति, अनुगमन टोली, निरीक्षण अधिकृत र अनुगमनकर्ताले देहायको अनुसार अनुगमनको पूर्व तयारी गर्नु पर्नेछ;-

(क) निरीक्षण पूर्व अत्यावश्यक वस्तु तथा सेवा मध्ये कुन कुन विषयलाई पहिलो प्राथमिकतामा राख्ने भन्ने किटान गरी विषयसूची तयार गर्नुपर्ने,

(ख) अनुगमनमा जाँदा अनुगमन गरिने वस्तु वा सेवासँग सम्बन्धित ऐन नियमहरू, विवरण र चेकलिस्ट साथै लिइ जानुपर्ने,

(ग) वस्तु तथा सेवाको आपूर्ति, विक्री वितरण, मूल्य, गुणस्तर आदिको बारेमा पर्याप्त सूचना र जानकारी सङ्कलन गर्नुपर्ने,

(घ) अनुगमनको तालिका बनाई आवश्यक सवारी साधन तथा सम्भव भएसम्म गुणस्तर मापन गर्न सक्ने यन्त्र वा औजार समेत तयारी अवस्थामा राख्ने,

(ङ) अनुगमन वा निरीक्षण गर्न जानु अगावै तालिका बनाई आवश्यक पर्ने साधन सुरक्षा आदिको पूर्व तयारी गर्नुपर्नेछ ।

(३) बजार अनुगमन गर्दा समिति, अनुगमन टोली, निरीक्षण अधिकृत र अनुगमनकर्ताले देहाय अनुसारको प्रक्रिया अबलम्बन गरी बजार अनुगमन गर्नु पर्नेछ;-

(क) बजार अनुगमन गर्दा तोकिए बमोजिमको ढाँचामा बजार अनुगमन तथा निरीक्षण फारामको प्रयोग गर्नु पर्ने,

(ख) बजार अनुगमन गर्दा अनुगमनमा खटिएर जाने व्यक्तिले तोकिए बमोजिमको ढाँचामा तयार गरेको परिचयपत्र देखाई बजार अनुगमन गर्नु पर्ने,

(ग) बजार अनुगमन टोलीका संयोजकले अनुगमनको आवश्यकता र सो सम्बन्धमा जानकारी गराउनु पर्नेछ र सम्बन्धित व्ययवसायीले बिना कुनै अवरोध अनुगमन गर्न दिनु पर्ने,

(घ) खण्ड (ग) बमोजिम बजार अनुगमन गर्दा सम्बन्धित व्यवसायीले बाधा विरोध गरेमा बाधा बिरोध गर्नेलाई बाधा विरोधको व्यहोरा खुलाई प्रचलित कानून बमोजिम कारबाहीको लागि सम्बन्धित निकायमा अनुरोध गर्न वा लेखी पठाउनु पर्दछ,

(ङ) बजार अनुगमन गर्दा वस्तु वा सेवाको नमूना सङ्कलन गर्नुपर्ने देखिएमा प्रचलित कानून बमोजिम नमूना सङ्कलन गरी सोको यथार्थ विवरण खुलाई तोकिए बमोजिमको ढाँचामा सम्भव भएसम्म सम्बन्धित ब्यवसायीको समेत दस्तखत भएको स्थलगत मुचुल्का बनाउनु पर्ने,

(च) खण्ड (ङ) बमोजिम तयार गरेको मुचुल्कामा सम्बन्धित व्यवसायीले दस्तखत गर्न नमानेमा सोही व्यहोरा जनाई तत्काल उपलब्ध तीन जना उपभोक्ताहरूको

रोहवरमा मुचुल्का तयार गरी आवश्यकता अनुसार सिलबन्दी समेत गरी परीक्षण को लागि यथाशीघ्र सम्बन्धित निकायमा नमूना सहित लेखी पठाउने,

(छ) बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा तत्काल केही सुधार गर्नु पर्ने देखेमा सम्बन्धित व्यवसायीलाई अवधि तोकी स्थलगत लिखित निर्देशन दिई सुधार गर्न लगाउन सक्ने,

(ज) बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा कुनै वस्तु तत्काल नष्ट नगरे जनस्वास्थ्यमा असर पर्ने देखिएमा त्यस्ता वस्तुको नमूना सङ्कलन गरी प्रमाणको रूपमा सुरक्षीत राखी अरू प्रचलित कानून बमोजिम आवश्यक प्रक्रिया पुर्याई तोकिए बमोजिमको ढाँचामा सम्बन्धित पक्षहरुको रोहवरमा मुचुल्का गरी वातावरणमा असर नपर्ने गरी त्यस्तो वस्तु नष्ट गर्नुपर्ने,

(झ) यस ऐन बमोजिम बजार अनुगमन गर्दा बाधा बिरोध गरेमा बाधा बिरोध गर्नेलाई प्रचलित कानून बमोजिम कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्ने,

(ञ) बजार अनुगमन गर्दा तत्काल केही सुधार गर्नुपर्ने देखेमा सम्बन्धित व्यवसायीलाई अवधी तोकी लिखित निर्देशन दिई सुधार गर्न लगाउन सक्ने,

(ट) संकलित नमूना आवश्यकता अनुसार परीक्षणको लागि प्रयोगशालामा पठाउने व्यवस्था गर्नु पर्नेछ,

(ठ) बजार अनुगमन सम्बन्धी अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

५३. **<u>बजार निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा अपनाउनु पर्ने कार्यविधि</u>** : (१) समिति, अनुगमन टोली, निरीक्षण अधिकृत र अनुगमनकर्ताले ऐन तथा प्रचलित कानून बमोजिम निरीक्षण, जाँचबुझ वा खानतलासी शुरु गर्ने क्रममा व्यवसाय स्थलमा प्रवेश गर्दा सोको लिखित सूचना तोकिए बमोजिमको ढाँचामा सम्बन्धित वस्तुको उत्पादक, वितरक, विक्रेता वा सेवा फर्म लाई दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना दिएपछि निरीक्षण अधिकृतले निरीक्षण, जाँचबुझ वा खानतलासी गर्नु पर्ने वस्तु वा सेवासँग सम्बन्धित उद्योग, गोदाम, व्यापारिक परिसर, घर कम्पाउण्ड, ढुवानीको साधन वा अन्य कुनै ठाउँमा प्रवेश गरी निरीक्षण, जाँचबुझ वा खानतलासी गर्न वा सम्बन्धित व्यक्तिसँग तत्सम्बन्धी कुनै कागजात वा विवरण माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम खानतलासी गर्नु अघि निरीक्षण अधिकृतले सम्बन्धित उत्पादक, वितरक, विक्रेता वा सेवा फर्म वा खानतलासी गरीने उद्योग, गोदाम, व्यापारिक परिसर, घर कम्पाउण्ड,

ढुवानीको साधनको धनी वा निजको प्रतिनिधिबाट खानतलासीको काममा संलग्न व्यक्तिको जीउको तलासी लिन लगाई खानतलासी गर्ने स्थानमा प्रवेश गरी खानतलासीको काम सम्पन्न गरेको बेहोराको तोकिए बमोजिमको ढाँचामा मुचुल्का तयार गर्नुपर्नेछ ।

(४) निरीक्षण अधिकृतले उपदफा (१) बमोजिम निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा निरीक्षण वा जाँचबुझको प्रयोजनको लागि तोकिए बमोजिमको वस्तु वा सेवाको परीक्षण सूची तयार गरी त्यस्ता वस्तु वा सेवा परीक्षणको लागि नमूना समेत सङ्कलन गर्न सक्नेछ ।

(५) निरीक्षण अधिकृतले निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा तोकिए बमोजिमको अनुगमन तथा निरीक्षण फारम समेत प्रयोग गर्नु पर्नेछ ।

(६) उपनियम (१) बमोजिम निरीक्षण, जाँचबुझ वा खानतलासी गर्ने कार्यमा कसैले बाधा अवरोध गरेमा निरीक्षण अधिकृतले त्यस्तो बाधा अवरोध गर्ने व्यक्तिलाई मनासिब समय दिई सो स्थानबाट हट्नको लागि सूचना दिनु पर्नेछ । त्यसरी सूचना दिँदा नहटेमा वा प्रवेश गर्न बाधा अवरोध गरेमा निरीक्षण अधिकृतले आवश्यकता अनुसार बल प्रयोग गरी त्यस्तो बाधा अवरोध गर्ने व्यक्तिलाई हटाई वा सम्बन्धित भवनको कुनै झ्याल, ढोका, छेस्किनी खोली, तोडीभित्र प्रवेश गरी निरीक्षण, जाँचबुझ वा खानतलासी गर्न सक्नेछ ।

(७) उपनियम (१) बमोजिम निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा सो स्थानबाट कुनै वस्तु बरामद गर्नुपरेमा त्यस्तो वस्तु वा सोको नमूनाको विवरण उल्लेख गरी तोकिए बमोजिमको ढाँचामा वस्तुको धनी र उपलब्ध भएसम्म स्थानीय तहका प्रतिनिधि वा कुनै सरकारी कर्मचारी र स्थानीय व्यक्तिको रोहबरमा बरामदी मुचुल्का तयार गरी एक प्रति सम्बन्धित व्यक्तिलाई दिनुपर्नेछ ।

(८) उपनियम (७) बमोजिम तयार गरेको बरामदी मुचुल्कामा साक्षी बस्ने मानिस फेला नपरेमा वा उपस्थित व्यक्तिहरूले साक्षी बस्न इन्कार गरेमा निरीक्षण अधिकृतले मुचुल्कामा सोही बेहोरा जनाई आफूले दस्तखत गरी मिसिल साथ राख्नु पर्नेछ ।

(९) खानतलासी लिँदा कुनै व्यक्तिको शरीरको तलासी लिनु परेमा सो समेत लिन सकिनेछ र तलासी लिनुपर्ने व्यक्ति महिला भएमा निजको शरीरको तलासी महिला कर्मचारीबाट लिनुपर्नेछ ।

(१०) निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा व्यवसायको प्रकृति अनुसार यथासम्भव सूर्योदयदेखि सूर्यास्तभित्रको समयमा गर्नु पर्नेछ ।

(११) निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा यथासम्भव कसैको निजी वा सार्वजनिक सम्पत्तिमा हानि नोक्सानी नहुने गरी गर्नु पर्नेछ ।

(१२) निरीक्षण अधिकृतले यस ऐन बमोजिम गरेको निरीक्षण, जाँचबुझ वा खानतलासीको अभिलेख तोकिए बमोजिमको ढाँचामा राख्नुपर्नेछ ।

५४. **बजार निरीक्षण आचारसंहिता** : (१) बजार अनुगमन गर्न जाने अनुगमन टोली, वा निरीक्षण अधिकृत वा अनुगमनकर्ताले बजार अनुगमन गर्दा देहाय बमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछ;-

(क) अनुगमन टोलीले अनुगमन गर्ने स्थल र अनुगमन गरीने वस्तुको बारेमा सो कार्यमा संलग्न सदस्यहरू बाहेक अरू कसैलाई पनि सो बारेमा पूर्व सूचना वा जानकारी गराउनु हुँदैन,

(ख) अनुगमनमा खटिने ब्यक्तिले आफ्नो नातागोता वा इष्टमित्र कहाँ अनुगमन गर्न जानु हुँदैन,

(ग) अनुगमन कार्यमा संलग्न कुनै पनि सदस्यले अनुगमन गर्ने विक्रेताबाट कुनै पनि किसिमको चन्दा, दान, दातब्य स्वीकार गर्नु हुँदैन,

(घ) अनुगमन गर्न जाँदा फर्महरूले दिएको सुविधा तथा आतिथ्यता स्वीकार गर्नुहुँदैन,

(ङ) कुनै किसिमको प्रलोभन वा मोलाहिजामा पर्नु हुँदैन,

(च) अनुगमनको कारबाही सम्बन्धी सूचना प्रवाह गर्दा अनुगमन टोलीको नेतृत्वगर्ने व्यक्तिबाट मात्र प्रवाह गर्नुपर्नेछ तथा अनुगमन टोलीमा रहने अन्य सदस्यहरूको जानकारी दिनु हुँदैन,

(छ) बजार अनुगमन गर्दा अनुगमन टोलीका पदाधिकारीहरू फर्म समक्ष मर्यादित तरिकाले प्रस्तुत हुनुपर्ने व्यवसायीको भण्डारण स्थल वा पसलबाट जथाभावी तरिकाले माल वस्तु निकाल्नु हुँदैन,

(ज) अनुगमन टोलीका कुनै सदस्यले अनुगमन सम्बन्धी कार्य गर्दा गोप्यता भङ्ग गर्ने लगायत अन्य कुनै गैरकानूनी काम गरेमा कर्मचारी भए प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्न र अन्य ब्यक्ति भए टोलीबाट हटाई प्रचलित कानून बमोजिम कारबाही गर्न सकिनेछ,

(झ) मानव अधिकारवादी संघसंस्था, उपभोक्ता हकहित संरक्षण कार्यमा संलग्न संस्थाहरू, विभिन्न सञ्चार माध्यममा कार्यरत सञ्चारकर्मी प्रतिनिधिहरूले अनुगमन कार्यलाई सहयोग पुग्ने गरी अनुगमन प्रक्रियाको स्थलगत अवलोकन गर्न सकिनेछ,

(ञ) उपभोक्ता हकहित संरक्षण कार्यमा संलग्न संस्थाहरू, विभिन्न सञ्चार माध्यममा कार्यरत सञ्चारकर्मी प्रतिनिधिहरूले अनुगमन कार्यलाई सहयोग पुग्ने गरी अनुगमन प्रकृयाको स्थलगत अवलोकन गर्न सक्ने,

(ट) सामान जफत गर्ने, धुल्याउने, वा नष्ट गर्ने वा सिलबन्दी गर्ने कार्यमा सम्बन्धित आधिकारिक कर्मचारी वा प्रहरीद्वारा नै कार्य सम्पन्न गर्नु पर्नेछ,

(ठ) बजार अनुगमनको क्रममा नमूना सङ्कलन गर्दा फर्मलाई वस्तुको मूल्य तिरी बिल लिनुपर्ने,

(ड) आचारसंहिता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) अनुगमन टोलीका कुनै सदस्यले अनुगमन सम्बन्धी कार्य गर्दा गोप्यता भङ्ग गर्ने तथा उपदफा (१) मा उल्लिखित आचारसंहिताहरूको उल्लङ्घन गरेमा कर्मचारी भए प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्न र अन्य व्यक्ति भए टोलीबाट हटाई प्रचलित कानून बमोजिम कारबाही गर्नको लागि सम्बन्धित निकायमा सिफारिस गर्नु पर्नेछ ।

(३) अनुगमन टोलीले अनुगमनमा जानु अघि आवश्यकतानुसार अन्य आचारसंहिता र मापदण्ड बनाउन सक्नेछ ।

५५. **<u>वस्तुको नमूना परीक्षण</u>** : (१) यस ऐन तथा प्रचलित कानून बमोजिम कुनै वस्तुको नमूना परीक्षणको लागि प्रयोगशालामा पठाउँदा त्यस्तो वस्तुको प्रकृति अनुसार आवश्यक परिमाणमा नमूना सङ्कलन गरी प्रयोगशाला परीक्षणको लागि निर्धारित मापदण्ड अनुसारको भाँडो वा प्याकेटमा राखी सिलबन्दी गरी पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सङ्कलन गरीएको वस्तुको नमूना सिलबन्दी गर्दा देहाय बमोजिमको प्रक्रिया अपनाउनु पर्नेछ;-

(क) अनुगमन गर्ने स्थल र अनुगमन गरीने वस्तुको बारेमा सो कार्यमा संलग्न सदस्यहरू बाहेक अरू कसैलाई पनि सो बारेमा पूर्व सूचना वा जानकारी गराउनु हुँदैन,

(ख) सिलबन्दी गर्दा भाँडो वा प्याकेटभित्र राखिएको वस्तुको गुणस्तर वा परिमाणमा फरक नपर्ने, नचुहिने वा बाहिर आउन नसक्ने गरी बन्द गर्ने,

(ग) सील तोडी वस्तु राखिएको भाँडो वा प्याकेट खोल्न नमिल्ने गरी सिलबन्दी गर्ने,

(घ) परीक्षणको लागि राखिएको वस्तुको भाँडो वा प्याकेट बाहिर त्यस्तो वस्तुको नाम, परिमाण, सङ्केत नम्बर र साङ्केतिक संख्या (कोड नम्बर ) भए सो समेत स्पष्ट रुपमा उल्लेख गरी सङ्कलित वस्तुसँग सम्बन्धित व्यक्ति र निरीक्षण अधिकृतले मिति उल्लेख गरी दस्तखत गर्ने ।

(३) यस दफा बमोजिम नमूना लिएको वस्तु प्रयोगशाला परीक्षणको क्रममा खर्च हुने वा खेर जाने रहेछ भने त्यसरी खर्च वा खेर गई बाँकी रहेको वस्तु पुनः प्रयोगमा आउन सक्ने भएमा त्यस्तो वस्तु सम्बन्धित उत्पादक वा विक्रेतालाई भरपाई गरी फिर्ता दिनु पर्नेछ ।

## परिच्छेद- ७
## कोषको स्थापना तथा प्रयोग

५६. **कोषको स्थापना** : (१) बजार व्यवस्थापन, अनुगमन तथा उपभोक्ता हित संरक्षण सम्बन्धी कार्य गाउँपालिका स्तरबाटै सञ्चालन गर्नका लागि आवश्यक स्रोत सङ्कलन र परिचालन गर्न गाउँपालिकामा एक बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण कोषस्थापना गर्न सकिनेछ ।

(२) कोषको आय रकम सङ्कलन तथा व्यय रकम परिचालनका लागि गाउँपालिकाको सञ्चित कोष रहेको वित्तीय संस्थामा एक छुट्टै खाता खोलिनेछ ।

(३) कोषमा यस ऐन बमोजिम हुने जरिवानाबाट प्राप्त हुने आय रकमको ५० (पचास) प्रतिशत रकम, नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले कोषलाई उपलब्ध गराएको रकम र कोषलाई अन्य जुन सुकै स्रोतबाट प्राप्त रकम आम्दानीको स्रोतको रूपमा रहनेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि उपभोक्ता हित संरक्षण कोष स्थापना नगरी बजार व्यवस्थापन, अनुगमन तथा उपभोक्ता हित संरक्षण सम्बन्धी कार्य गर्न बाधा पर्ने छैन।

५७. **कोषको उद्देश्य** : (१) कोषको उद्देश्य देहाय अनुसार हुनेछ,-

(क) बजार व्यवस्थापन, अनुगमन कार्यलाई नियमित गरी उपभोक्ताको अधिकार संरक्षण गर्ने,

(ख) अनुचित व्यवसायिक क्रियाकलापको घटनाबाट प्रभावित व्यक्तिहरूलाई स्थानीय स्तरमा तत्काल उद्धार र राहत सेवा उपलब्ध गराउने,

(ग) उपभोग्य वस्तुको निरन्तर आपूर्ति व्यस्था गर्ने,

(घ) उपभोक्ता अनुशिक्षण, सचेतना कार्यक्रम सञ्चालन व्यवस्थापन गर्ने,

(ङ) उपभोक्तालाई सुपथ मुल्यमा वस्तु वा सेवा उपलव्ध गराउन सुपथ मुल्यको पसल सञ्चालन तथा अनुदानको व्यवस्थापन गर्ने,

(च) तोकिए बमोजिम अन्य कार्य गर्ने ।

५८. **कोषको प्रयोग** : (१) कोषमा जम्मा भएको रकम समितिको निर्णयमा यस ऐन र प्रचलित कानून बमोजिम बजार व्यव्स्थापन र उपभोक्ताको हित र संरक्षणका लागि खर्च गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि बजार व्यवस्थापनको सम्बन्धमा तत्काल कुनै कार्य गर्नु पर्ने अवस्था रहेको, तर समितिको बैठक बस्न सक्ने अवस्था नरहेमा तत् पश्चात लगतै बस्ने समितिको बैठकबाट अनुमोदन गराउने गरी संयोजकको निर्णयबाट एक पटकमा बढीमा बीस हजार रूपैयासम्मको रकम खर्च गर्न बाधा पुग्ने छैन ।

(३) कोषमा जम्मा भएको रकम देहाय बमोजिमको कार्यमा खर्च गरिनेछ;-

(क) बजार व्यवस्थापन, अनुगमन र निरिक्षण गर्न,

(ख) आपतकालीन अवस्थामा तत्कालीन राहतका लागि आवश्यक पर्ने खाद्यान्न, खानेपानी, लत्ता कपडा, औषधी, सरसफाइ तथा शैक्षिक सामाग्री जस्ता वस्तुहरू खरिद गरी उपलब्ध गराउन तथा तत् सम्बन्धी अन्य आवश्यक कार्य गर्न,

तर, यस खण्ड बमोजिम गरिएको व्यवस्था बमोजिमको सामग्री विक्रीबाट प्राप्त रकम पुन कोषमा नै जम्मा गर्नु पर्नेछ ।

(ग) उपभोग्य वस्तु सेवनको कारणबाट बिरामी भएका व्यक्तिको औषधोपचार गर्न,

(घ) उपभोग्य वस्तुको गुणस्तर मापन प्रणाली स्थापना सम्बन्धी उपकरण खरिद प्रणाली विकास र सोको सञ्चालन गर्न,

(ङ) बजार व्यवस्थापनमा स्वयम् सेवकहरूको विकास तथा परिचालन सम्बन्धी कार्य गर्न,

(च) उत्पादन, बजार, मूल्य, गुणस्तर आदिको अध्ययन अनुसन्धान कार्य गर्न,

(छ) कसैले गरेको अनुचित व्यापारिक क्रियाकलापबाट क्षति हुन पुगेकोमा सो को क्षतिपूर्ति प्रदान गर्न गराउन,

(ज) गम्भीर रोग लागेका तर आर्थिक अवस्था अभावका कारण उपचार गर्न असमर्थ भएका व्यक्तिलाई आर्थिक सहयोग गर्ने,

(झ) घरेलु हिंसामा परेका महिलाहरूलाई आवश्यक जिवीकोपार्जनका लागि आवश्यक सहयोग गर्ने,

(ञ) बेवारिसे व्यक्ति मरी लाश सदगद गर्नु परेमा,

(ट) मदिरा तथा लागू पदार्थ सेवन विरूद्धका जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न,

(ठ) मदिरा सेवनको दुर्व्यसनीहरूको पुनर्स्थापनका लागि स्थापना भएको केन्द्र व्यवस्थापन कार्यमा ,

(ड) यस ऐन बमोजिम अनुचित व्यापारिक क्रियाकलाप भए गरेको सूचना दिने, अनुसन्धानमा सहयोग गर्ने व्यक्ति वा संस्थालाई प्रोत्साहन वा पुरस्कार प्रदान गर्न,

(ढ) बजार अनुगमनको क्रममा नमूना सङ्कलन गर्दा फर्मलाई वस्तुको मूल्य भूक्तानी गर्न,

(ण) बजार अनुगमन टोलीमा खटिएका व्यक्तिहरूलाई तोकिए बमोजिमको खाजा खर्च तथा भत्ता उपलब्ध गराउन,

(त) समितिले तोके बमोजिमको बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण सम्वन्धि अन्य आवश्यक कार्य गर्न, गराउन ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियमितरूपमा गरीने विकास निर्माण सम्बन्धी कार्यलाई बजार व्यवस्थापन, अनुगमन, नियमन र उपभोक्ता हित संरक्षणसँग आवद्ध गराएर कोषबाट कुनै पनि किसिमको खर्च गर्न पाईनेछैन ।

५९. **कोष प्रयोग गर्न नपाईने** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि कोषमा जम्मा भएको रकम खर्च गर्न पाईने छैन;-

(क) नियमित प्रशासनिक कार्यको लागि खर्च गर्न,

(ख) कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई नियमित रूपमा तलब,भत्ता वा अन्य सुविधा उपलब्ध गराउन,

(ग) कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन,

(घ) अनुचित व्यापारिक क्रियाकलापको सूचना दिने वा अनुसन्धान कार्यका सहयोग गर्ने बाहेक अन्यको लागि कुनै पनि किसिमको चन्दा, पुरस्कार, उपहार वा आर्थिक सहायता उपलब्ध गराउन,

(ङ) आकस्मिक रूपमा निर्माण गर्नुपर्ने बाहेकका अन्य नियमित पूर्वाधार विकास निर्माण सम्बन्धी कार्य गर्न गराउन।

६०. **कोषको सञ्चालन** : (१) कोषको बैंक खाता सञ्चालन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

(२) कोषबाट एक पटकमा दुई हजार रूपैया भन्दा बढीको रकम भुक्तानी गर्दा अनिवार्य रूपमा बैंङ्क मार्फत मात्र भुक्तानी गरिनेछ ।

६१. **कोषको आय व्ययको लेखा तथा सोको सार्वजनिकरण** : (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषले कार्यपालिकाले तोके बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

(३) कोषको मासिक रूपमा भएको आम्दानी र खर्चको विवरण अर्को महिनाको सात गते भित्रमा सार्वजनिक गर्नुपर्नेछ।

(४) आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र समितिले कोषको वार्षिक आय व्ययको विवरण समेत खुल्ने वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत गाउँसभा समक्ष पेस गर्नु पर्नेछ ।

६२. **कोषको लेखा परीक्षण** : (१) कोषको आन्तरिक लेखापरीक्षण गाउँपालिकाको आन्तरिक लेखा परिक्षण शाखाबाट हुनेछ।

(२) कोषको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(३) कार्यपालिकाले चाहेमा जुनसुकै बखत समितिको हिसाब किताव जाँच्न वा जाँच गराउन सक्नेछ।

(४) कार्यालयले कम्तीमा वर्षको एक पटक कोषको सामाजिक र सार्वजनिक लेखापरीक्षणको व्यवस्था मिलाउनेछ ।

## परिच्छेद- ८

## अनुचित क्रियाकलाप, कसुर, उजुरी र सजाय

६३. **अनुचित व्यापारिक क्रियाकलाप गर्न नहुने** : (१) कसैले पनि गाउँपालिका भित्र फर्म वा व्यवसाय सञ्चालन गर्दा अनुचित व्यापारिक क्रियाकलाप गर्न वा गराउन पाईने छैन ।

(२) उपदफा (१) को प्रयोजनका लागि अनुचित व्यापारिक क्रियाकलाप भन्नाले देहायका क्रियाकलापलाई जनाउनेछ;-

(क) उपभोग्य वस्तु वा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य, नापतौल, ढाँचा वा बनावट आदि ढाँटी, लुकाई छिपाई वा झुक्याई त्यस्तो वस्तु वा सेवा विक्री वा प्रदान गर्ने,

(ख) झुट्टा वा भ्रमपुर्ण विज्ञापन गर्ने वा विज्ञापन गरी वस्तु वा सेवा विक्री गर्ने वा गराउने,

(ग) उपभोग्य वस्तु वा सेवाको हकमा मौखिक, लिखित वा दृश्यबाट कमसल वस्तुलाई विशिष्ट वा गुणस्तर भएको स्तरमान, गुणस्तर, मात्रा, श्रेणी, संरचना, डिजाईन देखाई विक्री गर्ने,

(घ) पुननिर्मित वा पुराना वस्तुलाई नयाँ हो भनी देखाई वा झुक्याई विक्री गर्ने,

(ङ) घोषित गरिएका कुनै फाईदा नहुने अवस्थामा पनि वस्तु वा सेवाको विक्री गर्दा झुट्टा र भ्रमपूर्ण रुपमा विज्ञापन वा सूचना प्रसार गर्ने,

(च) उपभोग्य वस्तुको उपभोगबाट उपभोक्ताको कुनै रोग निको हुने भन्ने तथ्यगत आधार बिना नै त्यस्तो वस्तुको दावी वा प्रत्याभुति गर्ने वा विक्री गर्ने,

(छ) कुनै उपभोग्य वस्तु वा सेवाको वास्तविक लागतको आधारभन्दा फरक आधारमा उपभोक्ता मूल्यमा भार पर्ने गरी मूल्य निर्धारण गरेमा वा कुनै प्रतियोगिता, चिठ्ठा, अवसर आदिको लागत समेत समावेश गरी मूल्य तय गर्ने वा त्यस्तो मूल्यमा विक्री गर्ने,

(ज) कुनै उपभोग्य वस्तु वा सेवाको मूल्यमा दान, इनाम वा निःशुल्क पाइने अन्य वस्तुको मूल्य वा लागत समावेश गरी मूल्य निर्धारण गर्ने वा त्यस्तो मूल्यमा त्यस्तो वस्तु वा सेवाको विक्री गर्ने,

(झ) कुनै उपभोग्य वस्तु वा सेवामा तोकिएको गुणस्तर वा मानकभन्दा घटी हुने वा बढी हुने गरी वा त्यस्तो वस्तु वा सेवा उपभोगबाट उपभोक्तालाई हानि, नोक्सानी पुर्याउने गरी त्यस्तो वस्तु उत्पादन, मिश्रण वा आपुर्ति वा ओसार पसार वा सञ्चय वा विक्री गर्ने,

(ञ) कुनै उपभोग्य वस्तुको अनुचित सञ्चय वा कृत्रिम अभाव हुने गरी मूल्य बढाउने, जम्माखोरी गर्ने वा विक्री गर्ने,

(ट) त्रुटिपुर्ण उत्पादनबाट नष्ट भएको वस्तुको मूल्य वा व्यापारिक कारोबारको सिलसिलामा करार भएको वस्तुको मूल्य समेत अन्य वस्तुको लागत मूल्यमा समावेश गरी विक्री गर्ने,

(ठ) विक्री गरेका वस्तु वा सेवाको बिल वा बीजक जारी गर्न इन्कार गर्ने वा बिल वा बीजक जारी नगर्ने,

(ड) कुनै उपभोग्य वस्तु उपभोग गर्दा उपभोक्तालाई हानिनोक्सानी वा क्षति पुग्ने गरी विषादी वा कुनै रसायनको प्रयोग गर्ने वा त्यसरी प्रयोग भएको वस्तु विक्री वितरण गर्ने वा गराउने,

(ढ) उपभोग्य वस्तु उपभोग गरिसक्नु पर्ने अवधि व्यतित भईसकेको वस्तु वा उपभोग गर्न नमिल्ने वस्तुमा नयाँ लेबल लगाई त्यस्तो वस्तु विक्री गर्ने,

(ण) उपभोग गर्न नसकिने गुणस्तरहीन वस्तु पैठारी, उत्पादन वा विक्री गर्ने,

(त) उत्पादक, आपुर्तिकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता वा विक्रेता वा त्यस्ता व्यक्ति र अन्य व्यक्ति, संघसंस्थाको मिलेमतोबाट लागेको लागत र तोकिए भन्दा बढी मूल्य निर्धारण गर्ने वा विक्री गर्ने ,

(थ) कुनै उपभोग्य वस्तु वा सेवा विक्री गर्दा तोकिएको व्यापारिक वा बजारको तहभन्दा बढी तह वा शृंखला खडा गरी विक्री वा सेवा प्रवाह गर्ने,

(द) कुनै उपभोग्य वस्तु वा सेवा विक्री वा प्रदान गर्न कुनै संरचना, मानक वा मापदण्ड तोकिएकोमा त्यस्तो संरचना, मानक वा मापदण्ड पूरा नगरी विक्री गर्ने,

(ध) कुनै वस्तु वा सेवा विक्री वा प्रदान गर्न कुनै संरचना मानक वा मापदण्ड तोकिएकोमा त्यस्तो संरचना, मानक वा मापदण्ड पुरा नगरी विक्री गर्ने,

(न) तोकिए बमोजिमका अन्य मानक वा मापदण्ड पुरा नगरी सेवा वा वस्तु विक्री गर्ने ।

६४. **कसुर गरेको मानिने** : (१) कसैले पनि यस दफा बमोजिमको काम कारबाही गरे गराएमा यस ऐन अन्तर्गत कसुर गरेको मानिनेछ ।

(२) दफा ३ को उपदफा (१)(२) (५) (११) र (१२) विपरीत दर्ता वा अनुमति नलिई वा तोकिएको सर्तको पालना नगरी कारोबार सञ्चालन गरे गराएमा ।

(३) दफा ५ को उपदफा (१) (२) (३) (४) (५) (६) (७) (८) (९) (१०) (११) र (१२) को विपरीत मदिरा व्यवसाय सञ्चालन गरे गराएमा ।

(४) दफा ७ विपरीत फर्म वा व्यवसाय सञ्चालकले गाउँपालिकामा दर्ता रहेको वा अनुमति पाएको वा गाउँपालिकाबाट सिफारिस भएको कुनै व्यवसायको दर्ता वा अनुमति वा सिफारिस सम्बन्धी विवरण संशोधन वा हेरफेर गरे गराएमा ।

(५) दफा ९ विपरीत आफ्नो फर्म वा व्यवसाय झुट्टा विवरण दिई नवीकरण गराएमा वा समयावधि भित्र नवीकरण नगराएमा ।

(६) दफा ११ को विपरीत हुने गरी कार्य गरे गराएमा,

(७) दफा १३ को उपदफा (२) र (३) विपरीत तोकिएको बजार तह भन्दा बढी वा फरक बजार तह कायम गरे गराएमा ।

(८) दफा १३ को उपदफा (४) विपरीत गाउँपालिकाबाट अनुमती नलिई कारोबार गरे गराएमा ।

(९) दफा (१५) को उपदफा (२, (४) र (५) विपरीत हुने गरी कारोबार सञ्चालन गरे गराएमा ।

(१०) दफा १६ को उपदफा (२) बमोजिम तोकिएको अत्यावश्यक वस्तु वा सेवा अधिकतम उपभोक्ता मूल्यभन्दा बढी हुने गरी विक्री गरे गराएमा ।

(११) दफा १७ को उपदफा (१),(२), (३, (४), (५) र (६) विपरीत कारोबार गरे गराएमा ।

(१२) दफा १८ विपरीत गुणस्तरहीन वस्तु वा सेवा उत्पादन,पैठारी तथा विक्री वितरण गरे गराएमा ।

(१३) दफा १९ को उपदफा (१), (२), (३), (४), (५), (६) र (७) विपरीत हुने गरी कारोबार गरे गराएमा ।

(१४) दफा २० को उपदफा (१), (२), (३), (४), (५), (६), (७) र (८) विपरीत कारोबार गरे गराएमा ।

(१५) दफा २१ को उपदफा (२), (३), (४), (७), (८) (९) र (१०) विपरीतको कार्य गरे गराएमा ।

(१६) दफा २२ को उपदफा (१) बमोजिम नगपालिकाबाट समय निर्धारण भएकोमा उपदफा (२) र (३) विपरीत कारोबार गरे गराएमा ।

(१७) दफा २३ को उपदफा (१), (२), (३) र (४) विपरीतको कार्य गरे गराएमा ।

(१८) दफा २४ को उपदफा (१), (२), (३) र (४) विपरीतको कार्य गरे गराएमा ।

(१९) दफा २५ बमोजिम गाउँपालिकाले मदिरा बिक्री वितरणमा रोक लगाएकोमा सो को विपरीत हुने गरी मदिरा बिक्री वितरण गरेमा ।

(२०) दफा २८ को उपदफा (१) विपरीत हुने गरी सुपथ पसल सञ्चालन गरे गराएमा ।

(२१) दफा ३५ को उपदफा (१) र (२) विपरीत हुने गरी सुपथ पसल सञ्चालन गरे गराएमा ।

(२२) दफा ६३ विपरीत हुने गरि फर्म वा व्यवसायले अनुचित व्यापारिक क्रियाकलाप गरे गराएमा ।

६५. **<u>जरिवाना सम्बन्धी व्यवस्था</u>** : (१) कसैले दफा ६४ अन्तर्गतको कसुर गरे गराएमा समिति वा अनुगमन टोलि वा निरीक्षण अधिकृत वा अनुगमनकर्ताले कसुरको मात्रा हेरी यस दफा बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) दफा ६४ को उपदफा (२) बमोजिमको कसुर गरे गराएमा देहाय बमोजिम जरिवाना हुनेछ,-

(क) दफा ३ को उपदफा (१) र (२) विपरीतको कार्य गरे गराएकोमा त्यस्तो कारोबार दर्ता गर्दा लाग्ने दस्तुर र कारोबार सञ्चालन गरेको प्रत्येक वर्षको लागि लाग्ने व्यवसाय कर बराबरको थप रकम जरिवाना,

(ख) दफा ३ को उपदफा (५) विपरीतको कार्य गरे गराएकोमा त्यस्तो कारोबारको अनुमति दिंदा लाग्ने दस्तुर र कारोबार सञ्चालन गरेको प्रत्येक वर्षको लागि लाग्ने व्यवसाय कर बराबरको थप रकम जरिवाना,

(ग) दफा ३ को उपदफा (११) विपरीतको कार्य गरे गराएकोमा त्यस्तो कारोबारको अनुमति दिंदा लाग्ने दस्तुर र त्यस्तो दस्तुरको थप दोब्बर रकम जरिवाना,

(३) दफा ६४ को उपदफा (३) बमोजिमको कसुर गरे गराएमा देहाय बमोजिम जरिवाना हुनेछ,-

(क) दफा ५ को उपदफा (१) विपरीतको कार्य गरे गराएकोमा त्यस्तो कारोबार दर्ता गर्दा लाग्ने दस्तुर र कारोबार सञ्चालन गरेको प्रत्येक वर्षको लागि लाग्ने व्यवसाय कर दोब्बर बराबरको थप रकम जरिवाना,

(ख) दफा ५ को उपदफा (२) विपरीतको कार्य गरे गराएकोमा पटके कायम गरि पहिलो पटकका लागि २ (दुई) हजार जरिवाना र त्यस पछिको प्रत्येक पटकको लागि शुरू जरिवाना रकमको थप ५० प्रतिशत रकम जरिवाना,

(ग) खण्ड (ख) बमोजिम तीन पटक सम्म जरिवाना गर्दा पनि पुनः कसुर गरेमा त्यस्तो व्यवसाय खारेज गर्न सकिने,

(घ) दफा ५ को उपदफा (३) विपरीतको कार्य गरे गराएकोमा पहिलो पटकको लागि रूपैयाँ १ (एक) हजार र त्यस पछिको पटकै पिच्छे शुरु जरिवाना र सो बराबरको थप रकम जरिवाना,

(ङ) दफा ५ को उपदफा (४) विपरीतको कार्य गरे गराएकोमा त्यस्तो मदिरा जफत गरी रूपैयाँ १ (एक) हजार जरिवाना,

(च) दफा ५ को उपदफा (५) विपरीतको कार्य गरे गराएकोमा त्यस्तो मदिरा जफत गरी रूपैयाँ १० (दश) हजार जरिवाना,

(छ) दफा ५ को उपदफा (६) विपरीतको कार्य गरे गराएकोमा रूपैयाँ १ (एक) हजार जरिवाना,

(ज) दफा ५ को उपदफा (७) विपरीतको कार्य गरे गराएकोमा रूपैयाँ १ (एक) हजार जरिवाना,

(झ) दफा ५ को उपदफा (८) विपरीतको कार्य गरे गराएकोमा त्यस्तो मदिरा जफत गरी रूपैयाँ ५ (पाँच) हजार जरिवाना,

(ञ) दफा ५ को उपदफा (९) विपरीतको कार्य गरे गराएकोमा रूपैयाँ १ (एक) हजार जरिवाना,

(ट) दफा ५ को उपदफा (१०) विपरीतको कार्य गरे गराएकोमा त्यस्तो मदिरा जफत गरी रूपैयाँ २ (दुई) हजार जरिवाना,

(ठ) दफा ५ को उपदफा (११) विपरीतको कार्य गरे गराएकोमा त्यस्तो सामग्री जफत गरी रूपैयाँ २ (दुई) हजार जरिवाना,

(ड) दफा ५ को उपदफा (१२) विपरीतको कार्य गरे गराएकोमा त्यस्तो मदिरा जफत गरी रूपैयाँ २ (दुई) हजार जरिवाना,

(ढ) दफा ५ को उपदफा (१३) विपरीतको कार्य गरे गराएकोमा रूपैयाँ १० (दश) हजार जरिवाना,

(ण) यस दफा बमोजिम कसुर हुने विषय प्रचलित कानून बमोजिम समेत कसुर हुने रहेछ भने प्रचलित कानून बमोजिम थप कारबाही गर्न यस दफाको प्रावधानले बाधा पुर्याउने छैन।

(४) दफा ६४ को उपदफा (४) बमोजिम कार्यालयको स्वीकृति बेगर कुनै व्यवसायको दर्ता वा अनुमति वा सिफारिस सम्बन्धी विवरण संशोधन वा हेरफेर गरे गराएमा रूपैयाँ ३ (तीन) हजार जरिवाना गरी साविक बमोजिम नै कायम गरिनेछ ।

(५) दफा ६४ को उपदफा (५) बमोजिमको कार्य गरे गराएमा चालु आर्थिक वर्षको लागि नवीकरण गर्दा लाग्ने दस्तुरको ५ (पाँच) प्रतिशत र त्यस पछिका प्रत्येक वर्षको लागि २५ (पच्चिस) प्रतिशतले हुने थप रकम जरिवाना गरी त्यस्तो फर्म वा व्यवसाय नवीकरण गर्न सकिने छ ।

तर, तीन वर्ष सम्म पनि नवीकरण नगरे नगराएमा त्यस्तो फर्म वा व्यवसाय खारेज गरी उक्त अवधिको नवीकरण शुल्क र जरिवाना रकम सरकारी बाँकी सरह सम्बन्धित सञ्चालकबाट असुल उपर गरिनेछ।

(६) दफा ६४ को उपदफा (६) बमोजिम मापदण्ड पुरा नगरी फर्म वा व्यवसाय सञ्चालन गरे गराएमा रूपैयाँ ५ (पाँच) हजार जरिवाना गरी दुई महिनाभित्र मापदण्ड पुरा गर्न आदेश दिनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम आदेश दिएकोमा सम्बन्धित फर्म वा व्यवसाय सञ्चालकले दुई महिनाभित्र मापदण्ड पुरा नगरेमा त्यस्तो फर्म वा व्यवसाय सिल गरी दर्ता खारेज गरिनेछ ।

(८) दफा ६४ को उपदफा (७) र (८) बमोजिमको कसुर गरे गराएमा देहाय बमोजिम जरिवाना हुनेछ,-

(क) दफा १३ को उपदफा (२) र (३) विपरीतको कार्य गरे गराएकोमा पहिलो पटकको लागि ५ (पाँच) हजार र त्यस पछिको पटकै पिच्छेको लागि थप ५० (पचास) प्रतिशत जरिवाना,

(ख) खण्ड (क) बमोजिम पाँच पटक सम्म जरिवाना गर्दा पनि पुनः त्यस्तो कार्य गरेमा त्यस्तो फर्म वा व्यवसाय खारेज गरिनेछ,

(ग) दफा १३ को उपदफा (४) विपरीतको कार्य गरे गराएकोमा अनुमति लिंदा लाग्ने दस्तुर र सो को दोब्बर बराबरको थप रकम जरिवाना ।

(९) दफा ६४ को उपदफा (९)बमोजिमको कसुर गरे गराएमा देहाय बमोजिम जरिवाना हुनेछ,-

(क) दफा १५ को उपदफा (२) बमोजिम दिइएको निर्देशन विपरीतको कार्य गरे गराएकोमा पहिलो पटकका लागि २ (दुइ) हजार रूपैंया र त्यस पछी प्रत्येक पटकको लागि शुरु जरिवानाका अतिरिक्त थप ५० (पचास) प्रतिशत जरिवाना हुने,

(ख) खण्ड (क) बमोजिम तीन पटक भन्दा बढी जरिवाना हुने भएमा त्यस्तो फर्म व्यवसायको दर्ता खारेजी गर्न सकिनेछ,

(ग) दफा १५ को उपदफा (४) बमोजिमको विवरण माग गरिएकोमा त्यस्तो विवरण नदिनेलाई पटकै पिच्छे १ (एक) हजार जरिवाना गरी सात दिनभित्र विवरण पेस गर्न आदेश दिइनेछ,

(घ) खण्ड (ग) बमोजिमको आदेशको पालना नगरेमा रूपैयाँ ५ (पाँच) हजार जरिवाना गरी त्यस्तो फर्म वा व्यवसाय खारेज गर्न सकिनेछ,

(ङ) दफा १५ को उपदफा (५) विपरीतको कार्य गरे गराएमा त्यस्तो सामान जफत गरी कसुरको मात्र हेरी रूपैयाँ २ (दुई) हजार देखि रूपैयाँ १० (दश) हजार सम्म जरिवाना हुने ।

(१०) दफा ६४ को उपदफा (१०) बमोजिमको कसुर गरे गराएमा त्यस्तो सामान जफत गरी रूपैयाँ १ (एक) हजार वा बिगो बराबर जुन बढी हुन्छ सोहि बराबर जरिवाना हुनेछ ।

(११) दफा ६४ को उपदफा (११) बमोजिमको कसुर गरे गराएमा देहाय बमोजिम जरिवाना हुनेछ,-

(क) दफा १७ को उपदफा (१), (२) र (३) विपरीतको कार्य गरे गराएकोमा रूपैयाँ १ (एक) हजार जरिवाना हुने,

(ख) दफा १७ को उपदफा (४) विपरीतको कार्य गरे गराएमा त्यस्तो सामान जफत गरी कसुरको मात्र हेरी रूपैयाँ २ (दुई) हजार देखी रूपैयाँ १० (दश) हजार सम्म जरिवाना हुने।

(ग) दफा १७ को उपदफा (६) विपरीतको कार्य गरे गराएमा त्यस्तो सामान जफत गरी कसुरको मात्र हेरी रूपैयाँ १ (एक) हजार जरिवाना हुने।

(१२) दफा ६४ को उपदफा (१२) बमोजिम गुणस्तरहीन वस्तु र सेवाको उत्पादन,पैठारी तथा विक्री वितरण गरे गराएकोमा त्यस्तो वस्तु जफत गरी रूपैयाँ ५ (पाँच) हजार वा बिगो बराबर जुन बढी हुन्छ सोहि बराबर जरिवाना र त्यस्तो वस्तु नष्ट गर्दा लागेको खर्च समेत सम्बन्धित फर्म वा व्यवसायीबाट असुलउपर गरिनेछ ।

(१३) दफा ६४ को उपदफा (१३) बमोजिमको कसुर गरे गराएमा त्यस्तो वस्तु जफत गरी रूपैयाँ १ (एक) हजार जरिवाना र त्यस्तो वस्तु नष्ट गर्दा लागेको खर्च समेत सम्बन्धित फर्म वा व्यवसायीबाट असुलउपर गरिनेछ ।

(१४) दफा ६४ को उपदफा (१४) बमोजिमको कसुर गरे गराएमा पहिलो पटकको लागि १ (एक) हजार र त्यस पछिको पटक्कै पिच्छेको लागि थप ५० (पचास) प्रतिशतले हुने रकम जरिवाना हुनेछ ।

तर, यस उपदफा बमोजिम बढीमा तीन पटक सम्म मात्र जरिवाना गरिनेछ सो भन्दा बढी पटक सम्म यस्तो कसुर गरेमा दर्ता खारेज हुन सक्नेछ।

(१५) दफा ६४ को उपदफा (१५) बमोजिमको कसुर गरे गराएमा देहाय बमोजिम जरिवाना हुनेछ,-

(क) दफा २१ को उपदफा (२) विपरीतको कार्य गरे गराएकोमा पहिलो पटकको लागि रूपैयाँ १ (एक) हजार र त्यस पछिको पटकै पिच्छे शुरु जरिवाना र सो बराबरको थप रकम जरिवाना हुनेछ,

(ख) दफा २१ को उपदफा (३) विपरीतको कार्य गरे गराएकोमा पहिलो पटकको लागि रूपैयाँ १ (एक) हजार र त्यस पछिको पटकै पिच्छे शुरु जरिवाना र सो बराबरको थप रकम जरिवाना हुनेछ,

(ग) दफा २१ को उपदफा (४) विपरीतको कार्य गरे गराएकोमा पहिलो पटकको लागि रूपैयाँ १ (एक) हजार ५ (पाँच) सय र त्यस पछिको पटकै पिच्छे शुरु जरिवाना र सो बराबरको थप रकम जरिवाना हुनेछ,

(घ) दफा २१ को उपदफा (५) विपरीतको कार्य गरे गराएकोमा पहिलो पटकको लागि रूपैयाँ १ (एक) हजार ५ (पाँच) सय र त्यस पछिको पटकै पिच्छे शुरु जरिवाना र सो बराबरको थप रकम जरिवाना हुनेछ,

(ङ) दफा २१ को उपदफा (६), (७), (८) र (९) गाउँपालिकाले तोकी दिएको मापदण्ड विपरीतको कार्य गरे गराएकोमा पहिलो पटकको लागि रूपैयाँ १ (एक) हजार र त्यस पछिको पटकै पिच्छे शुरु जरिवाना र सो बराबरको थप रकम जरिवाना हुनेछ,

(च) दफा २१ को उपदफा (१०) विपरीतको कार्य गरे गराएकोमा पहिलो पटकको लागि रूपैयाँ १ (एक) हजार र त्यस पछिको पटकै पिच्छे शुरु जरिवाना र सो बराबरको थप रकम जरिवाना हुनेछ ।

(१६) दफा ६४ को उपदफा (१६) बमोजिमको कसुर गरे गराएमा पहिलो पटकको लागि रूपैयाँ २ (दुइ) हजार र त्यस पछिको पटकै पिच्छे शुरु जरिवाना र सो बराबरको थप रकम जरिवाना हुनेछ ।

(१७) दफा ६४ को उपदफा (१७) बमोजिमको कसुर गरे गराएमा पहिलो पटकको लागि रूपैयाँ १ (एक) हजार र त्यस पछिको पटकै पिच्छे शुरु जरिवाना र सो बराबरको थप रकम जरिवाना हुनेछ ।

(१८) दफा ६४ को उपदफा (१८) बमोजिमको कसुर गरे गराएमा पहिलो पटकको लागि रूपैयाँ १ (एक) हजार र त्यस पछिको पटकै पिच्छे शुरु जरिवाना र सो बराबरको थप रकम जरिवाना हुनेछ ।

(१९) दफा ६४ को उपदफा (१९) बमोजिमको कसुर गरे गराएमा सामान जफत गरी रूपैयाँ ५(पाँच) हजार जरिवाना हुनेछ।

(२०) दफा ६४ को उपदफा (२०) बमोजिम अनुमति नलिई सुपथ मूल्य पसल सञ्चालन गरे गराएमा रूपैयाँ ५(पाँच) हजार जरिवाना गरी त्यस्तो पसल बन्द गरिनेछ।

(२१) दफा ६४ को उपदफा (२१) बमोजिम सुपथ मूल्य पसल सञ्चालन गरे गराएमा रूपैयाँ २ (दुइ) हजार जरिवाना गरी पसल बन्द गरिनेछ ।

(२२) दफा ६४ को उपदफा (२१) बमोजिमको कसुर गरे गराएमा त्यस्तो वस्तु जफत गरी कसुरको मात्र हेरी रूपैयाँ १ (एक) हजार देखि रूपैयाँ १० (दश) हजार सम्म जरिवाना हुनेछ ।

(२३) यदि कुनै व्यक्तिले यस दफा बमोजिम भएको जरिवाना तिर्न ईन्कार गरेमा निजलाई वडा कार्यालय तथा गाउँपालिकाबाट प्रदान हुने सेवा सुविधा रोक्का राखी कारबाही गर्न सकिनेछ ।

(२४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम बजार अनुगमनका क्रममा गम्भीर प्रकृतिको कसुरमा बाहेक कम जरिवाना सम्म हुन सक्ने सामान्य प्रकृतिका कसुरमा कसुरदारले कसुर स्वीकार गरी सुधार गर्ने प्रतिबद्धता जनाएको अवस्थामा समिति वा अनुगमन टोलि वा निरीक्षण अधिकृत वा अनुगमनकर्ताले एउटा फर्म वा व्यवसायीलाई फरक फरक प्रकृतिको कसुरमा बढीमा दुई पटक सम्म सुधार गर्ने मौका प्रदान गरी कारबाही स्थगन गर्न सक्नेछ।

(२५) बजार अनुगमनका क्रममा यस ऐन र प्रचलित कानून विपरीत कार्य भए गरेको पाईएमा समिति, अनुगमन टोलि, निरीक्षण अधिकृत वा अनुगमन कर्ताले देहाय अनुसार कारबाही, दण्ड र जरिवाना गर्न सक्नेछ,-

(क) बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा सेवा वा वस्तु राखेको स्थानको नियमानुसार जाँचबुझ वा खानतलासी गर्न सक्नेछ,

(ख) खण्ड (क) बमोजिम खानतलासी गर्दा वस्तु वा सेवाको विक्री वितरणमा अनुचित वा अनियमित कार्य गरेको पाइएमा आवश्यकता अनुसार त्यस्तो सेवा वा वस्तुको प्रयोग वा विक्री वितरणमा रोक लगाउन सक्नेछ,

(ग) खण्ड (ख) बमोजिमको वस्तु कब्जामा लिई नियमानुसार कारबाही अघि बढाउन सकिनेछ,

(घ) अनुगमन गर्दा कुनै कानूनी कारबाही गर्नुपर्ने देखिएमा सम्बन्धित ब्यवसायीलाई तुरून्त लिखित स्पष्टीकरण माग गर्ने,

(ङ) अनुगमन प्रतिवेदन वा नमूना परीक्षणबाट मुद्दा दायर गर्नुपर्ने देखिएमा प्रचलित कानून बमोजिम अनुसन्धान तहकिकातको लागि निरीक्षण अधिकृत तोक्ने गरी मुद्दा दायर गर्न समितिबाट निर्णय गराई यथाशिघ्र अभियोजन अधिकारी समक्ष आवश्यक कागजात सहित लेखी पठाउनु पर्नेछ,

(च) उपदफा (ङ) बमोजिम लेखी आएकोमा सम्बन्धित अधिकारीले प्रचलित कानून बमोजिम प्रक्रिया पूरा गरी सम्बन्धित निकायमा मुद्दा दायर गर्नु पर्नेछ,

(छ) यस ऐन तथा प्रचलित कानून बमोजिम अखाद्य वस्तु वा अन्य वस्तु नष्ट गर्दा लागेको खर्च सम्बन्धित व्यवसायीले बेहोर्नु पर्नेछ,

(ज) अनुगमन गरिएका मालवस्तुको प्रकृति अनुसार मुचुल्का उठाउनु परेमा मुचुल्का उठाउने, चेकलिष्ट अनुसार भए नभएको हेर्ने र नमूना परीक्षण लिनुपर्ने भए यस ऐन तथा प्रचलित कानून बमोजिम नमूना सङ्कलन गर्नु पर्नेछ,

(झ) निरीक्षण जाँचबुझ वा खानतलास गर्दा उपभोग्य वस्तु रोक्का राख्नुपर्ने भएमा यस ऐन तथा प्रचलित कानून बमोजिम रोक्का राख्नु पर्नेछ,

(ञ) यस ऐन बमोजिम वस्तु वा मालसामान सिलबन्दी गर्नुपर्दा यस ऐनमा व्यवस्था भएकोमा यसै बमोजिम र यस ऐनमा व्यवस्था नभएकोमा प्रचलित कानून बमोजिम गर्नुपर्नेछ,

(ट) खाद्य प्रशोधन गर्न आवश्यक पर्ने कुनै उपकरण जडान भै कुनै वस्तु वा पदार्थको उत्पादन गरिएकोमा अनुगमन गर्ने निकायले उत्पादन प्रशोधन कानून सम्मत भए नभएको हेरी नभएको भए त्यस्तो स्थानमा सिलवन्दी गर्न सक्नेछ,

(ठ) खण्ड (ट) बमोजिम सिलबन्दी गरिएकोमा प्रशोधन उद्योगलाई निश्चित समयावधी दिई आवश्यक मापदण्ड पूरा गरी सुधार गर्न निर्देशन दिन सकिनेछ,

(ड) खण्ड (ट) बमोजिम निर्देशन दिएकोमा उद्योगले सुधारात्मक कार्यहरू गरी सिलबन्दी हटाई पाउँ भनी कार्यालयमा निवेदन दिएमा कार्यालयको टोलीले बजार अनुगमन गराई सुधार भएको पाइएमा सिलबन्दी हटाई दिन सक्नेछ,

(ढ) खण्ड (ड) बमोजिम अनुगमन गर्दा सुधार भएको नपाइएमा कानून बमोजिम कारबाही अगाडि बढाईनेछ,

(ण) वस्तु वा सेवामा अनुचित क्रियाकलाप, कानूनद्वारा नियन्त्रित वा निषेधित र एकाधिकारपूर्ण क्रियाकलाप भए नभएको विषयमा समेत अनुगमनका क्रममा हेर्नुपर्नेछ ।

(२६) यस दफा बमोजिम समिति वा अनुगमन टोलि वा निरीक्षण अधिकृत वा अनुगमनकर्ताले तत्काल जरिवानाको आदेश दिँदा जरिवानाको रकम त्यस्तो जरिवाना बुझाउने स्थान र जरिवाना दाखिला गर्नुपर्ने अन्तिम मिति समेत तोकिदिनु पर्नेछ ।

(२७) अनुगमन टोलि, निरीक्षण अधिकृत वा अनुगमन कर्ताले जरिवाना गर्नु पर्ने कारण र जरिवाना गरेका रकम लगायतको सम्पूर्ण विवरण खुलाई तीन दिनभित्र समितिलाई जानकारी गराउनु पर्नेछ ।

६६. **<u>तत्काल जरिवाना गर्ने</u>** : (१) समिति वा अनुगमन टोलि वा निरीक्षण अधिकृत वा अनुगमनकर्ताले कसुरको मात्रा र गम्भीरता हेरी यस ऐन बमोजिम हुने जरिवाना तत्काल गराउन सक्नेछ ।

(२)) उपदफा (१) बमोजिम जरिवाना गर्ने गरी निर्णय भएको मितिले सात दिनभित्र सो जरिवाना नतिर्ने नबुझाउने फर्म वा व्यवसाय विरुद्ध निरीक्षण अधिकृतले देहाय बमोजिम गर्न सक्नेछ;-

(क) जरिवाना भएको रकम नबुझाएसम्म त्यस्तो वस्तु वा सेवाको कारोबार हुन नसक्ने गरी सिलबन्दी गरेर राख्न,

(ख) जरिवाना भएको रकम नबुझाएसम्म त्यस्तो वस्तु वा सेवाको उत्पादन, ढुवानी, पैठारी वा विक्री गर्ने अन्य वस्तु समेत रोक्का राख्न ।

(३) उपदफा (१) र (२) बमोजिम तत्काल जरिवाना गर्ने निर्णय भएकोमा त्यस्तो जरिवाना भुक्तान नगरी वा सो बराबरको रकम गाउँपालिकाको धरौटी खातामा जम्मा नगरी पुनरावेदनको निवेदन दर्ता गरिने छैन ।

६७. **तत्काल जरिवाना गर्दा अपनाउनुपर्ने कार्यविधि** : (१) बजार अनुगमन गर्दा दफा ६६ बमोजिम तत्काल जरिवाना गर्नुपरेमा तोकिए बमोजिमको ढाँचामा आदेश पर्चा खडा गरी सो को एक प्रति सम्बन्धितलाई बुझाई सोको भर्पाई गराउनु पर्नेछ ।

(२)) उपदफा (१) बमोजिम जरिवानाको रकम निर्धारण गर्दा समिति वा अनुगमन टोलि वा निरीक्षण अधिकृत वा अनुगमनकर्ताले सम्वन्धित पसल वा व्यवसायले गरेको कसुरको प्रकृति त्यसको मात्रा त्यसबाट उपभोक्तामा पर्न सक्ने प्रतिकूल प्रभाव समेतको आधारमा निर्धारण गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम समिति वा अनुगमन टोलि वा निरीक्षण अधिकृत वा अनुगमनकर्ताले जरिवानाको आदेश दिदा जरिवानाको रकम त्यस्तो जरिवाना बुझाउने स्थान र जरिवाना दाखिला गर्नुपर्ने अन्तिम मिति समेत तोकिदिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको आदेश सम्बन्धित फर्म वा व्यवसाय सञ्चालकले बुझ्रिलिन इन्कार गरेमा वा सो कार्यमा बाधा अवरोध गरेमा समिति वा अनुगमन टोली वा निरीक्षण अधिकृत वा अनुगमनकर्ताले प्रहरीको सहयोगमा त्यस्तो जरीवानाको आदेश बुझाउन सक्नेछ ।

(५) समिति वा अनुगमन टोली वा निरीक्षण अधिकृत वा अनुगमनकर्ताले आफुले गरेको तत्काल जरिवाना सम्बन्धी आदेशको अभिलेख तोकिए बमोजिमको ढाँचामा राख्नुपर्नेछ ।

६८. **सजाय सम्बन्धी व्यवस्था** : (१) कसैले यस ऐन बमोजिम कसुर गरेकोमा उक्त कसुर प्रचलित अन्य कानून बमोजिम सजाय हुने रहेछ भने सो बमोजिम मुद्दा चलाउन र सजाय गर्न यस ऐनको प्रावधानले बाधा पुऱ्याएको मानिने छैन।

६९. **उजुरी दिन सक्ने** : (१) यस ऐन वा प्रचलित कानून विपरीत कुनै फर्म वा व्यवसायले कुनै कसुर गरे गराएमा जो कोहि नेपाली नागरिकले गाउँपालिका वा कार्यालय, समिति, वडा समिति, बजार अनुगमन

टोली, निरीक्षण अधिकृत वा कार्यालयको उपभोक्ता हित संरक्षण हेर्ने शाखा वा इकाई वा डेक्समा मौखिक वा लिखित सूचना वा उजुरी दिन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको निकाय वा अधिकारीले लिखित सूचना वा सार्वजनिक सञ्चार माध्यमबाट प्राप्त सूचनालाई उजुरीको रुपमा ग्रहण गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम प्राप्त उजुरी वा सूचना वा अन्य कुनै सरकारी निकायबाट अनुगमनको लागि लेखी आएमा समिति वा अनुगमन टोली वा निरीक्षण अधिकृत वा अनुगमनकर्ताले एक आपसमा समन्वय गरी अनुगमन तथा निरीक्षण गर्न सकिनेछ।

(४) उपदफा (३) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा फर्म वा व्यवसायले यस ऐनको विपरीत व्यापारिक क्रियाकलाप गरेको पाइएमा तत्काल कारबाही चलाइनेछ।

(६) कुनै वस्तु वा सेवाको विक्रेता वा फर्म वा व्यवसायले उपभोक्ताको हित विपरीत व्यापारिक क्रियाकलाप गरेको भनि जो कोहिले कार्यालय, समिति, वडा समिति, बजार अनुगमन टोली, निरीक्षण अधिकृत वा कार्यालयको उपभोक्ता हित संरक्षण हेर्ने शाखा वा इकाई वा डेक्समा मौखिक वा लिखित सूचना वा उजुरी दिन सक्नेछन्।

७०. **<u>सम्बन्धित निकाय वा अधिकारी समक्ष लेखी पठाउन सक्ने</u>** : (१) यस ऐन बमोजिम अनुगमन वा उजुरीबाट प्रचलित कानून बमोजिम कुनै कसुर भएको वा भैरहेको वा हुन सक्ने सम्भावना समिति वा बजार अनुगमन टोली वा निरीक्षण अधिकृत वा अनुगमनकर्ताले देखेमा सम्बन्धित निकाय वा अधिकारी समक्ष छानविन र अनुसन्धानका लागि लेखी पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित निकाय वा अधिकारी समक्ष लेखी पठाएको विषयमा सम्बन्धित व्यक्तिले जानकारी माग गरेमा समिति वा बजार अनुगमन टोली वा निरीक्षण अधिकृत वा अनुगमनकर्ताले जानकारी गराउनु पर्नेछ।

७१. **<u>कारबाही,जफत र सामानको विक्री सम्बन्धी व्यवस्था</u>** : (१) यस ऐन विपरीत वस्तु वा सेवा वा मदिरा विक्री वितरण गरेमा देहाय बमोजिम जरिवाना गरिनेछ,-

(क) कुनैपनि व्यक्ति तथा व्यवसायीले यस निर्देशिका र प्रचलित कानून विपरीत वस्तु वा सेवा वा मदिराको उत्पादन,विक्री वितरण,निकासी वा पैठारी गरेको भेट्टाइएमा सो कार्यसँग सम्बन्धित वस्तु वा सेवा वा मदिरा यस ऐन वा प्रचलित कानून बमोजिम मुचुल्का उठाई जफत गरिनेछ,

(ख) खण्ड (क) बमोजिम जफत गरेको वस्तु वा सेवा वा मदिरा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीले लिलाम विक्री गरी प्राप्त आय कोषमा जम्मा गर्नुपर्नेछ,

(ग) यस ऐन र प्रचलित कानून विपरीत वस्तु वा सेवा वा मदिरा कारोबार गर्न प्रयोग गरिएको सबै सामानहरू प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीले जफत गरी तोकीए बमोजिम लिलाम विक्री गरिनेछ,

(घ) खण्ड (ग) मा जुनसुकै कुरा लेखेको भए तापनि सवारी साधनको हकमा वस्तु वा सेवा वा मदिरा ढुवानी गर्न सवारी धनीको मञ्जुरी रहेनछ भने त्यस्तो सवारी साधनलाई एक पटकका लागि रिहा गरिनेछ,

(ङ) खण्ड (घ) मा जुनसुकै कुरा लेखेको भए तापनि दोस्रो पटक वा त्यस्तो खण्ड (घ) बमोजिमको कार्य पुनः दोहोरिएमा वस्तु वा सेवा वा मदिरा कारोबारको रकमलाई आधार मानी दोब्बर रकम सवारी साधन धनीलाई जरिवाना गरिनेछ,

(च) खण्ड (घ) र (ङ) मा जुसुकै कुरा लेखेको भए तापनि पटक पटक सोहि सवारी साधनमा यस ऐन र प्रचलित कानून विपरीत वस्तु वा सेवा वा मदिरा ओसार पसार भएको पाईएमा समितिले त्यस्तो सवारी साधन जफत गरी लिलाम विक्री गर्न सक्नेछ ।

(छ) ईजाजत प्राप्त गरी सञ्चालनमा आएका पसलमा नियमित जसो होहल्ला, सामाजिक अमन चयन, छिमेकीलाई वातावरणीय तथा ध्वनिले पर्ने प्रभावका कारण असहज अवस्था भएमा सामूहिक उजुरी वडा समितिमा पेस गर्न सकिने छ,

(ज) खण्ड (छ) बमोजिम वडा समितिमा उजुरी परेको ७ दिनभित्र सो को प्रकृया अगाडि बढाउनु पर्नेछ।

(झ) खण्ड (ज) बमोजिमको अवधिमा निवेदन उपर कुनै कारबाही प्रकृया अगाडि नबढेमा उक्त उजुरीकर्ताहरूले समिति वा कार्यालयमा निवेदन दिन सक्नेछन,

(ञ) खण्ड (झ) बमोजिम परेको निवेदन उपर छानविन गरी सामान्य देखि सामाजिक सदभाव खल्बलिने अवस्थाको प्रतिवेदन प्राप्त भए समितिले सो व्यवसायीलाई सचेत गराउने, व्यवसाय बन्द गराउने देखि ईजाजतपत्र समेत खारेजी गर्न सक्नेछ,

(ट) वस्तु वा सेवा वा मदिरा व्यवसायीहरूले आफ्नो पसल व्यवसायबाट निस्कने कुनैपनि प्रकारका फोहोर सार्वजनिक स्थलमा फालेको प्रमाणित भएमा सो व्यवसायीलाई प्रचलित कानून बमोजिम कारबाही गरिनेछ,

(ठ) यस कार्यविधि र प्रचलित कानून कार्यान्वयनको लागि गाउँपालिकाले मागेको सहयोग उपलब्ध गराउनु स्थानीय प्रशासन र सरोकारवाला अन्य निकायको कर्तव्य हुनेछ ।

७२. **वस्तु नष्ट गर्ने** : (१) यो ऐन तथा प्रचलित कानून बमोजिम परीक्षणको लागि लिइएको वस्तुको नमूना परीक्षण गर्दा त्यस्तो वस्तु निर्धारित मापदण्ड वा गुणस्तरको नभएको कारणबाट नष्ट गर्नुपरेमा वा नमूना लिइएको वस्तु सम्बन्धित उत्पादक वा विक्रेताले फिर्ता नलगेमा वा लैजान इन्कार गरेमा तोकिए बमोजिमको ढाँचामा मुचुल्का तयार गरी सोको अभिलेख राखी त्यस्तो वस्तु नष्ट गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै वस्तु नष्ट गर्दा त्यस्तो वस्तुको कुनै भाग वा अंश पुनः प्रयोगमा ल्याउन वा उपभोग गर्न नसकिने गरी धुल्याई, खाडल खनी जमिनमा पुरी वा जलाई वा जनस्वास्थ्य वातावरणमा प्रतिकूल असर नपुग्ने गरी नष्ट गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम कुनै वस्तु नष्ट गरिएकोमा सो वस्तु नष्ट गर्दाका बखत उपदफा (१) बमोजिम तयार गरिएको मुचुल्काको एक प्रति सम्बन्धित वस्तुको उत्पादक वा विक्रेतालाई दिई अर्को प्रति निरीक्षण अधिकृतले मिसिल साथ राख्नु पर्नेछ ।

## परिच्छेद - ९
## विविध

७३. **पुरस्कृत तथा प्रोत्साहित गर्ने** : (१) यस ऐन बमोजिमको कसुर भएको वा हुन लागेको भन्ने सूचना दिने, अनुगमन तथा अनुसन्धान काममा सहयोग गर्नेलाई पुरस्कृत तथा प्रोत्साहित गर्न सकिनेछ।

(२) यस ऐन बमोजिमको कसुरमा सूचना दिने तथा अनुसन्धानको काममा सहयोग गर्ने व्यक्तिलाई कसुरदारबाट असुल भएको विगोको १५ प्रतिशत सम्मको रकम पुरस्कार दिन सकिने छ ।

(३) यस ऐन बमोजिमको कसुरका सम्बन्धमा सूचना दिने र अनुसन्धानमा सहयोग पुऱ्याउने व्यक्ति वा संस्थालाई निजले सूचना सङ्कलन गर्दा वा सूचना पठाउँदा वा अनुसन्धानमा सहयोग गर्दा

निजले गरेको खर्च रकम गाउँपालिकाबाट निजलाई शोधभर्ना वा प्रोत्साहन स्वरूप उपलब्ध गराइनेछ ।

(४) यस दफा बमोजिम सूचना दिने व्यक्तिले चाहेमा नाम,ठेगाना तथा निजबाट प्राप्त भएको सूचना सम्बन्धी विवरण गोप्य राखिनेछ ।

७४. **प्रतिवेदन** : (१) यस ऐन तथा प्रचलित कानून बमोजिम भएको बजार अनुगमनको मासिक, त्रैमासिक र वार्षिक प्रतिवेदन सम्बन्धित शाखाले तोकिए बमोजिमको ढाँचामा तयार गरी गाउँपालिका समक्ष पेस गर्नुपर्नेछ ।

(२) यस ऐन तथा प्रचलित कानून बमोजिम निरीक्षण,जाँचबुझ वा खानतलासी वा सजाय गरी सकेपछि समिति, बजार अनुगमन टोली, निरीक्षण अधिकृत वा अनुगमनकर्ताले काम सकिएको मितिले तीन दिनभित्र तोकिए बमोजिमको ढाँचामा गाउँपालिका समक्ष लिखित प्रतिवेदन पेस गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम तयार गरिने प्रतिवेदनमा देहायका कुराहरू खुलाइएको हुनु पर्नेछ,-

(क) निरीक्षण जाँचबुझ वा खानतलासी गर्नु परेको स्थान,कारण र मिति,

(ख) त्यस्तो ठाउँमा फेला परेका उपभोग्य वस्तु र सो सँग सम्बन्धित अन्य विवरण,

(ग) फेला परेको उपभोग्य वस्तु रोक्का वा कब्जा गर्नु परेकोमा त्यसरी रोक्का वा कब्जा गर्नु परेको कारण र मिति,

(घ) उपभोग्य वस्तुको नमूना लिनु परेकोमा सो लिनु परेको कारण र नमूना लिएको मिति,

(ङ) उपभोग्य वस्तु रोक्का राख्दा वा उपभोग्य वस्तुको नमूना लिदा के कति उपभोग्य वस्तु कुन रुपमा भाँडामा राखी सिलबन्दी गरिएको छ र त्यस्तो भाँडो के कति कामको लागि कहाँ कहाँ पठाइएको छ सो बेहोरा,

(च) त्यस्तो निरीक्षण जाँचबुझ र खानतलासी पछि सो सम्बन्धमा गर्नु पर्ने बाँकी काम कारबाहीको विवरण,

(छ) सजाय गरेको विवरण,

(ज) तोकिए बमोजिमका अन्य विवरण ।

(२) बजार अनुगमन टोली वा निरीक्षण अधिकृतले तोकिए बमोजिमको ढाँचामा मासिक अनुगमन प्रतिवेदन गाउँपालिका समक्ष पेस गर्नु पर्नेछ ।

७५. **प्रतिवेदन कार्यान्वयन** : (१) यस ऐन तथा प्रचलित कानून बमोजिम निरीक्षण, जाँचबुझ वा खानतलासी गरी सकेपछि निरीक्षण अधिकृतले सात दिन भित्र देहायका कुराहरू खुलाई कार्यालय समक्ष प्रतिवेदन पेस गर्नुपर्नेछ;-

(क) निरीक्षण, जाँचबुझ वा खानतलासी गर्नु पर्नाको कारण,

(ख) निरीक्षण, जाँचबुझ वा खानतलासी गरिएको वस्तु वा सेवासँग सम्बन्धित विवरण,

(ग) निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा फेलापरेका वस्तु र त्यस्तो वस्तु रोक्का वा कब्जा गर्नु परेकोमा त्यसरी रोक्का वा कब्जा गर्नु परेको कारण र सोसँग सम्बन्धित विवरण,

(घ) वस्तुको नमूना लिइएकोमा त्यस्तो नमूना परीक्षणको लागि पठाइएको मिति,

(ङ) तत्काल जरिवाना गरिएकोमा त्यसरी जरिवाना गर्नु पर्नाको कारण र जरिवानाको रकम,

(च) निरीक्षण, जाँचबुझ वा खानतलासी पछि सो सम्बन्धमा गर्नुपर्ने बाँकी काम, कारबाहीको विवरण,

(छ) निरीक्षण, जाँचबुझ वा खानतलासीको क्रममा सम्पन्न गर्नुपर्ने तर सम्पन्न गर्न नसकिएका कुनै कुरा भए सो को विवरण ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदनबाट सो सम्बन्धमा थप अनुसन्धान गर्नु पर्ने वा कुनै विवरण वा थप जानकारी लिनुपर्ने देखिएमा प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित निरीक्षण अधिकृतलाई निश्चित अवधि तोकी थप अनुसन्धान गर्नुपर्ने विषय, जानकारी वा विवरण माग्नु पर्ने विषय समेत खुलाई पुनः अनुसन्धान गर्न वा त्यस्तो विवरण पेस गर्न लगाउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदनमा कुनै विषयमा अर्को निकायबाट आवश्यक व्यवस्था वा कारबाही हुनुपर्ने भनी सिफारिस भएकोमा त्यस्तो सिफारिसको कार्यान्वयनको लागि सो प्रतिवेदनको एक प्रति सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम अन्य निकायमा कार्यान्वयनको लागि प्रतिवेदन पठाएकोमा त्यसको कार्यान्वयनको अवस्थाको बारेमा प्रमुख प्रशासकीय अधिकृतले समय समयमा सम्बन्धित निकायबाट आवश्यक जानकारी लिई प्राप्त विवरण कार्यालयको वार्षिक प्रतिवेदन वा वेबसाइट मार्फत सार्वजनिक गर्नु पर्नेछ ।

(५) यस ऐन बमोजिम प्राप्त प्रतिवेदनको कार्यान्वयन गर्ने, गराउने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

७६. **समन्वय र साझेदारी गर्न सक्ने** : (१) गाउँपालिकाले बजार व्यवस्थापन, अनुगमन तथा उपभोक्ता सचेतना अभिवृद्धिको लागि नेपाल सरकार, प्रदेश सरकार, सहकारी, निजी क्षेत्र, उपभोक्ता हित संरक्षणसँग सम्बन्धित सङ्घसंस्था लगायत निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

७७. **सहयोग लिन सक्ने** : (१) गाउँपालिका वा समिति वा अनुगमन टोली वा निरीक्षण अधिकृत वा अनुगमनकर्ताले बजार अनुगमनका क्रममा आवश्यकता अनुसार स्थानीय प्रशासनको सहयोग लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिका वा समिति वा अनुगमन टोली वा निरीक्षण अधिकृत वा अनुगमनकर्ताले बजार अनुगमनका क्रममा सहयोग माग गरेमा तत्काल त्यस्तो सुरक्षा लगायतका आवश्यक सहयोग उपलब्ध गराउनु स्थानीय प्रशासनको कर्तव्य हुनेछ ।

७८. **असल नियतले गरेको कामको बचाउ** : (१) यस ऐन बमोजिम बजार अनुगमन गर्दा असल नियतले गरेको कामको सम्बन्धमा समितिका सदस्य वा अनुगमन टोली वा निरीक्षण अधिकृत वा अनुगमनकर्ता उपर कुनै कारबाही हुने छैन ।

७९. **प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपुग्ने** : यस ऐन बमोजिम कसुर ठहर्ने कसुर अन्य कानूनबाट समेत कसुर ठहरीने रहेछ भने त्यस्तो कानून बमोजिम मुद्दा चलाउन बाधा पर्ने छैन।

८०. **आदेश जारी गर्न सक्ने** : (१) यस ऐन तथा प्रचलित कानूनको अधिनमा रही गाउँपालिकाले यो ऐनको कार्यान्वयन गर्न आवश्यकता अनुसार आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेशको पालना गर्नु सम्बन्धित सबै सरोकारवालाको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) बमोजिम जारी भएको आदेश उक्त आदेश जारी भएपश्चात तत्काल पछि बस्ने सभामा अनुमोदनका लागि पेस गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम पेस हुन आएकोमा सभाले गरेको निर्णय अनुसार हुनेछ।

८१. **सूचीकृत हुनु पर्ने** : यो ऐन जारी भई कार्यान्वयनमा आए पश्चात् गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका जुन सुकै वस्तु वा सेवा उत्पादक, वितरक, विक्रीकर्ता लगायत मदिरा व्यवसायीहरूले तीन महिना भित्र आफ्नो व्यवसाय गाउँपालिकामा सूचीकृत गरी अद्यावधिक गर्नु पर्नेछ ।

८२. **तथ्याङ्क अभिलेखीकरण गर्ने** : यो ऐन जारी भई कार्यान्वयनमा आए पश्चात् गाउँपालिकाले गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका जुन सुकै वस्तु वा सेवा उत्पादक, वितरक, विक्रीकर्ता लगायत मदिरा

व्यवसायीहरूको लगत, तथ्याङ्क र अभिलेख तोकिए बमोजिमको ढाँचामा अद्यावधिक गरी राख्नु पर्नेछ ।

८३. **<u>स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखीकरण</u>** : गाउँपालिकाले स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखीकरणका लागि देहायका कार्यहरू गर्ने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ,-

(क) समाज र व्यवहारोपयोगी सिर्जना गर्ने स्रष्टालाई निजको सिर्जनामाथिको अधिकार तथा सुविधाहरुलाई बौद्धिक सम्पत्तिको रुपमा अङ्गिकार गर्ने,

(ख) प्रतिलिपि अधिकार, पेटेण्ट, डिजाइन, ट्रेडमार्क, भौगोलिक सङ्केत, इन्टिग्रेटेड सर्कीटको लेआउट डिजाइन गर्ने,

(ग) स्थानीय बिरुवाको नयाँ प्रजातिको संरक्षण, व्यापारिक गोप्यता (Trade Secret ), परम्परागत ज्ञान, परम्परागत साँस्कृतिक अभिव्यक्ति, बौद्धिक सम्पत्ति जनित आनुवांशिक श्रोत तथा जैविक विविधताको पहिचान र प्रोत्साहन गर्ने,

(घ) स्थानीय बौद्धिक सम्पत्तिका हरेक विधा एवं पक्षको पहिचान गरी सोको संरक्षणको लागि स्थानीय आवश्यकता अनुरूप नीति, कार्यक्रम र बजेटको व्यवस्था गर्ने,

(ङ) विद्यमान स्थानीय परम्परागत ज्ञान, जैविक विविधता र भौगोलिक सङ्केतलाई अधिकतम उपयोग गर्दै बौद्धिक सम्पत्तिलाई स्थानीय विकासको औजारको रूपमा समेत अवलम्बन गरी नीति, कार्यक्रम र बजेट परिचालन गर्ने,

(च) बौद्धिक सम्पत्तिलाई वातावरणमैत्री प्रविधि हस्तान्तरण, लगानी आकर्षण, अनुसन्धान प्रवर्द्धन, प्राविधिक क्षमताको विकास र ज्ञान आर्जनको स्रोतको रूपमा उपयोग गर्ने,

(छ) स्थानीय स्तरमा उत्पादित वस्तु तथा सेवाको प्रतिस्पर्धात्मक क्षमता, गुणस्तर तथा उत्पादकत्व बढाउन अधिकतम मात्रामा बौद्धिक सम्पत्तिको उपयोग हुने खालका नयाँ प्रविधिको विकास तथा ग्रहणलाई प्राथमिकता दिने ।

(२) कसैले पनि अर्काको सृजनालाई कुनै स्वरुपमा आफ्नो हो भनि त्यसको स्वामित्व लिने, विक्री वितरण गर्ने, अनाधिकृत रुपमा प्रयोग गर्ने वा कसैलाई दिने कार्य गर्नु गराउनु हुँदैन ।

(३) स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८४. **उपभोक्ता संस्था स्थापना र सूचीकृत** : (१) गाउँपालिकाले स्थानीय तहमा उपभोक्ता हित संरक्षण तथा उपभोक्ता अधिकारको प्रचलनमा सहयोग गर्न समुदायमा आधारित वडा तथा गाउँ उपभोक्ता अधिकार तथा हित संरक्षण समिति गठन र परिचालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम समिति गठन गर्दा गाउँपालिकाले सम्बन्धित वडामा गठन र परिचालन भएका टोल बिकास संस्थाहरूबाट प्रतिनिधित्व हुने गरी वडा परिषद् र वडा उपभोक्ता अधिकार तथा हित संरक्षण समितिका सदस्यहरु प्रतिनिधि रहने गरि गाउँ परिषद् गठन गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको परिषद्को भेलाले सम्बन्धित तहको समितिका पदाधिकारीहरुको चयन गर्नेछ ।

(४) यस दफा बमोजिम गठन हुने वडा तथा गाउँ उपभोक्ता अधिकार तथा हित संरक्षण समिति गाउँपालिकामा सूचीकृत हुनु पर्नेछ ।

(५) यस दफा बमोजिम गठन हुने वडा तथा गाउँ उपभोक्ता अधिकार तथा हित संरक्षण समिति सूचीकरण तथा परिचालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८५. **पुनरावेदन** : (१) यस ऐन बमोजिम अनुगमन टोली वा निरीक्षण अधिकृत वा अनुगमनकर्ताले गरेको काम कारबाही वा निर्णय उपर चित्त नबुझेमा फर्म वा व्यवसाय सञ्चालकले काम कारबाही वा निर्णय भएको मितिले १५ दिनभित्र समिति समक्ष उजुरी दिन सक्नेछ ।

(२) यस ऐन बमोजिम समितिले गरेको कारबाही र निर्णय उपर चित्त नबुझेमा फर्म वा व्यवसाय सञ्चालकले काम कारबाही वा निर्णय भएको मितिले १५ दिनभित्र प्रमुख समक्ष उजुरी दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम भएको निर्णय उपर चित्त नबुझेमा निर्णय भएको मितिले ३५ दिनभित्र जिल्ला अदालत वा उपभोक्ता अदालतमा पुनरावेदन गर्न सकिनेछ ।

८६. बुढीगंगा गाउँपालिका भित्र सञ्चालनमा रहेका उद्योगहरुले संस्थागत सामाजिक उत्तरदायित्व (CSR) वापतको रकम प्रचलित नेपाल कानून बमोजिम स्थानीय समुदायको हकहित हुने कार्यक्रममा खर्च गर्नुपर्नेछ।यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८७. **नियम बनाउन सक्ने** : कार्यपालिकाले यस ऐनको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक नियम बनाउन सक्नेछ ।

८८. **कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्ने**: कार्यपालिकाले यस ऐन र ऐन अन्तरगत बनेको नियमावलीको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्नेछ ।

८९. **खारेजी र बचाउः** (१) देहायका निर्देशिका र कार्यविधि खारेज गरिएको छ।

(क) व्यवसाय दर्ता, नवीकरण तथा खारेजी सम्बन्धी कार्यविधि, २०७७

(२) उपदफा (१) बमोजिम खारेज भएको कार्यविधि बमोजिम भए गरेका काम कारबाहीहरू यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले
प्रयाश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत
बुढीगंगा गाउँपालिका, मोरङ